# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (सोह्रौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति २०७६/०३/०४ गते, बिहान ११:०० बजे

प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा बिहान ११:२० बजे बस्यो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, सर्वप्रथम आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६ /०७७ को राजश्व र व्ययको वार्षिक अनुमान माथिको बाँकी छलफल प्रारम्भ हुन्छ। उक्त छलफलमा बोल्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम म, माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

### माननीय गायत्री गुरुङ

माननीय सभामुखज्यू, आज हामी आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्यमाथि हामी छलफलमा जुटिराखेका छौँ र अस्तिबाट आज सम्म हामी छलफलको क्रममा छौँ। यतिखेर हामीले यो छलफलको क्रममा जुटिरहँदा हामी सत्तापक्षले यसको पूर्ण समर्थन गरेका छौँ र केही सुझावहरु पनि राखेका छौँ र प्रतिपक्षले यसलाई राम्रो छ अझ यसलाई हिरा बनाउनका

निम्ति हामीले सुझाव प्रस्तुत गरिरहेका छौँ भनेर पनि भनिराख्नुभएको छ ।मलाई असाध्यै खुसी पनि लागिराखेको छ किन भन्दा हाम्रो लक्ष्य एउटै छ। संमृद्‌ध प्रदेश बनाउने यहाँको जनतालाई एउटा सक्षम बनाउने एउटा उद्‌देश्यका साथ हामीलाई जनताले चुनेर यहाँसम्म ल्याइराखेको छ। हामीले त्यही उद्‌देश्य चुम्नको निम्ति हामीले आ-आफ्नो ठाउँमा आफ्ना विषयवस्तुहरु राखिराखेका छौँ। यसकारण मलाई लाग्छ हामीले यो छलफलमा जुटेर माझिरहने क्रममा यो प्रदेशलाई एउटा सुन्दर प्रदेश ७ वटा प्रदेश मध्येको एउटा अब्बल प्रदेश बनाउन सक्छौँ भन्ने कुरामा मलाई एकदम ढुक्क आशावादी छ र मलाई एकदमै खुसी पनि लागेको छ  र अहिले हामीले यो बजेटको सन्दर्भमा छलफल गरिरहँदा हामीले यसलाई सरसर्ती हेर्‍यौँ। यो बजेटको प्राथमिकता र सिद्‌धान्त यसैगरी प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम र सम्पूर्ण माननीय सदस्यहरुको सकारात्मक सुझाव यस्तै गरी विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त सुझावहरुलाई आधार मानेर यो प्रदेश आएको छ र खास गरी यो प्रदेशको आर्थिक संवृद्‌धिको जग तथा समाजवाद उन्मुख अर्थतन्त्रको आधार बलियो बनाउनको निम्ति यो बजेट बक्तव्य आएको छ र यसमा चाहि खास गरी बजेट बक्तव्यमा यसको उद्‌देश्यहरु राखिएको छ ७ वटा बुँदामा यसैगरी यसका प्राथमिकता चाहि तोकिएका छन्। यसकारणले एकदम मेहनत सबैले बुझ्ने गरेर चाहि यो बक्तव्य आएको छ। यसको निम्ति माननीय मन्त्रीज्यू सिङ्गो मन्त्रालयलाई चाहि म हृदयदेखि नै धन्यबाद दिन चाहन्छु र शुभकामना पनि दिन चाहन्छु र खासगरी बजेटमा हामीले हेर्दाखेरि सडक पूर्वाधारका कुरा, खानेपानी, ऊर्जा विकास, शहरी विकास, सडक, यातायात, पर्यटन, कृषि क्षेत्र, सहकारी, औद्‌योगिक क्षेत्र, वन, वातावरण, सूचना, सञ्चार, स्वास्थ्य, युवा तथा खेलकुद, भाषा, संस्कृति, सामाजिक सुरक्षा र महिला शशक्तिकरण सुशासन सबै पक्षहरुलाई चाहि समेटेर यो बजेट बक्तव्य आएको छ। यो बजेट बक्तव्यप्रति हाम्रो सिङ्गो दलको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट पूर्ण समर्थन रहेको म जानकारी गराउन चाहन्छु र अलिकति मैले सुझावको रुपमा मात्रै के राख्न चाहन्छु भन्दाखेरि हामीले अहिले पूर्वाधार विकासको कुरा गरिरहँदाखेरि क्षेत्र विकासको कुरा गरिरहँदाखेरि हामीले माननीय मन्त्रीज्यूले यो बजेट बक्तव्यमा पनि

ल्याउनुभएको छ हामी कार्यविधि बनाएर जानेछौँ भनेर। यो कार्यविधि बनाउँदाखेरि अलिकति वैज्ञानिक तरिकाले सबैलाई चाहि सम्मानजनक सहभागिता गराउने हिसावले चाहि बनाउनको निम्ति म हार्दिक निवेदन गर्न चाहन्छु। अलिकति छुटेको विषय सुकुम्बासी समस्याहरु अलिकति छुट्यो कि जस्तो मलाई लाग्छ। किनभन्दा यो प्रदेशलाई हाम्रो संमृद्ध प्रदेश बनाउने भन्ने एउटा अभियानमा लागिरहँदाखेरि यो सुकुम्बासी समस्या पनि एउटा समस्या हाम्रो प्रदेशको हो। पहिला माननीय सदस्यहरुले हिजो पनि राखिराख्नुभएकोछ। यो समस्यालाई पनि अलिकति बजेट बक्तव्यमा समेट्दाखेरि राम्रो हुन्छ कि भन्ने लाग्छ र मैले यो छलफलको क्रममा हामीलाई असाध्यै माया गर्नुभएकोमा माननीयज्यूहरु पनि देखेँ हुन त हामी सहकार्य गरेको १६ महिना भयो। माया त गर्नु नै पर्छ र दया जगाउनु माया र दयामा के फरक हुन्छ के अन्तर हुन्छ भन्ने कुरा छुट्याउन पनि पर्छ कि जस्तो लाग्छ  किन भन्दाफेरि दया जगाउन पर्ने हाम्रा सबै माननीयहरु चाहि हँसिलो, पोसिलो, हृष्ट, पुष्ट विचारमा पनि यो देश पाए देश नै हल्लाउँछु जस्तो स्तरको माननीय भएको कारणले गर्दाखेरि हामीले यो रोष्टममा बसेर शिक्षा दिन त्यति राम्रो हुँदैन कि मैले सुझावको रुपमा यो राख्न चाहेँ र अन्तिममा माननीय मन्त्रीज्यू सम्बन्धित मन्त्रालयका सम्पूर्ण टिमलाई हार्दिक धन्यबाद दिँदै यो बजेट बक्तव्यको पूर्ण समर्थन गर्दै मेरो आफ्नो भनाइ यही अन्त्य गर्न चाहन्छु ।

धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मणिभद्र शर्मा

सभामुख महोदय, यसपालि यो बजेट निर्माण गर्दा नयाँ सिद्धान्त विकसित भएको पाइयो। कति सजिलो पुरानो खर्च नभएको सुट्टा यता ल्याएर जोडेर राखिदिए पुग्यो। झन्झट गर्नै परेन। पैसा सकिएको भए पो अनि त्यसलाई चाहि अब यो बजेट कहाँबाट खोज्ने कहाँबाट ल्याएर परिपूर्ति गर्ने पहिला भन्दा धैरै कसरी बनाउने भनेर दुःख हुन्थ्यो।

असाध्यै सजिलो सिद्धान्त यो नयाँ ढङ्गको सिद्धान्त विकसित भएको छ हाम्रो प्रदेशबाट । यसलाई अब खुसी मानौँ कि दुःख मानौँ। साथीहरुलाई मिलाएर भन्न अलि त्रुटि गरिरहन्थे कि। अहिले धेरै आक्रोशित भएर कराउनुहुन्छ एउटा कुरा यो पाइएको छ । अब आगामी बजेटमा पनि फेरि त्यस्तै अर्को वर्ष पनि यो भन्दा झन् सजिलो हुने गरी काम नहोस्। अब भोलिका दिनमा अर्थमन्त्रीलाई अलि मेहनत गरेर बजेट बनाउन परोस् यो शुभकामना दिन चाहन्छु। अब हाम्रा तथ्याङ्कहरुले रोजगारीका कुराहरु लिएर आयो। अब रोजगार चाहि यति जनालाई भयो अथवा यति संख्या भयो भन्दाखेरि सिपालु मन्त्री र मुख्यमन्त्रीज्यूहरुले कथागत रुपमा डाटागत रुपमा त गारो नै छ कथानक रुपमा चाहि मिलाएर राख्दिनुभयो भने हामीलाई चित्त बुझाउनै पर्ने भयो। त्यसमा चाहि रोजगारी यति जनाले पाए भन्ने कुरा गारै छ। गएको तथ्याङ्कले कही जस्टीफाई गरेको जस्तो लाग्दैन। अब यो होमस्टेको कुरामा हामी बडो जोडतोडका साथ लागेका छौँ। हेर्दाखेरि राम्रो कुरा पनि हो। होमस्टे राम्रोसँग चले भने गाउँको मानिसहरुले रोजगार पाए। शहर पस्न नपर्ने बाध्यता जुन शहर पस्न पर्ने बाध्यता कटौती भयो र धनी र गरिबको बिचको खाडल कम हुँदै गयो भने भन्न खोजिएको जस्तो समाजबाद पनि होला त्यो कुरामा मलाई पनि विश्वास छ तर अब मलाई डर के कुरामा छ भने पञ्चायत कालमा जिल्ला विकासको इकाईको रुपमा यहाँ जिल्ला विकासमा काम गरेका साथीहरु पनि हुनुहुन्छ। जिल्ला विकासको इकाईमा एउटा सहकारी खोलिन्थ्यो। ती सबै सहकारी घाटामा जान्थे। सरकारले अनुदान दिए त्यो सहकारी चलाउन तर एउटा सहकारीले पनि गरि खाँदैन। यी होमस्टे पनि कतै त्यही हालतमा गएर हरेक वर्ष होमस्टेलाई पैसा पठाइरहनि ती होमस्टेमा गएका पैसाले जति टक्राटुक्रु पार्छ त्यही रोजगार त हुने नै भयो। अरु मान्छे आकर्षित पनि नहुने एउटा यो पक्षमा गम्भीरता आओस् भनेर हार्दिकता साथ अनुरोध पनि गरेँ। यो साँच्चै भयो भने त फेरि शहरका होटेलहरुमा आउने पर्यटक घट्ने नै होला। त्यसलाई कसरी मेन्सन गर्ने हो यसले पनि रोजगारीको उसलाई गाउँतिर पसे भने धेरै राम्रो हो। धनी गरिबको बिचको खाडल घट्दा हामीले रहर गरेर भन्ने शब्द समाजवाद हुन खोज्छ। त्यो हुन्छ कि हुन्न त्यो कुरा चाहि बडो गारो छ। अब कृषिमा किसानहरु ज्यान गए उत्साहित

छैनन्। यहाँ हामीले जति भने पनि या त कम्बोडयाको प्रपोडिजम गर्न पर्‍यो। जाने भए जाउ नत्र गंगा लगाउछौँ भन्नुपर्‍यो होइन भने अहिलेका यी नीतिबाट किसानहरु साँच्चै अब हाम्रो राज्यले दिएका नीतिबाट हामी कृषिमा आकर्षित भएर उत्पादन बढाउँछौँ भनेर किसानले कहाँ सर्भे गर्दाखेरि त्यस्तो रहर त्यो अनुहारमा देखिदै देखिदैन। त्यसो हुनाले सरकारी डाटामा देखियो भने त मैले बाध्य भएर मान्नै पर्‍यो किनभने बहुमतले भनेसी मान्नैपर्छ तर बास्तवमा त्यस्तो देखिदैन। त्यो देखिने बनाउनका लागि किसानलाई त्यो ढङ्गले आकर्षित गरेर हाम्रो चाहि यो उत्पादकत्त्व वृद्धि गराउनका लागि हामीले एउटा निश्चित नीति बनाउन पर्छ। त्यो के हुन सक्छ म सुझावको रुपमा पनि अनुरोध गर्छु। त्यो नीति के हुन सक्छ भने उत्पादनको सामान खरिद गर्ने ग्यारेन्टी गर्दिउ र त्यो उत्पादनको मूल्य राख्दाखेरि किसानको लागत कस्ट र उनीहरुले काम गरेर आउने मार्जिन यति छ है भनेर त्यो ग्यारेन्टी गर्दिउ त्यो भयो भने अलिकति थोरै आकर्षण हुन्छ । इन्डिया आदिका देशहरुमा अमेरिका आदिका देशमा जम्मा ५ परसेन्ट देखि ६ परसेन्ट जनसंख्याले अमेरिकामा कृषि पेशामा आवद्ध छन्। तिनीहरुले आधा संसारलाई पुर्‍याउँछन्। त्यसोभएको हुनाले केही नीतिहरु आकर्षक नीतिहरु हामीले अहिले पनि बनाउन सकेका छैनौँ। आकर्षण गर्छ भन्ने कुरामा मलाई विश्वास छैन। अब म वनतिर लागेँ। वनको नीति तथा कार्यक्रमको पुस्तिकामा पनि अहिले पनि वन क्षेत्रले ढाकेको हाम्रो प्रदेशको क्षेत्रफल ३७.५१ प्रतिशत कति भनेको छ ३७ समथिङ्ग भनेको छ। मैले यसो डुलेँ अनि म तनहुँतिर पनि गएँ अहिले। तनहुँको कालीगण्डकी किनार सम्म र उसको उत्तर बोर्डर सम्म म गएँ। नवलपुरका डाँडातिर पनि चढेँ। मैले त्यहाँ के देखेँ भने यो वनको क्षेत्रफल यो डाटा १० परसेन्ट चानचुन घट्छ। के के कुराले घट्छ सडक निर्माणले घटाएको घटेको छ। सिचाइँका कुलाहरुले घटाएको छ। विद्युतका ठूला ठूला लाईनहरुले वन क्षेत्र घटाएको छ। हुकुमबासी र सुकुम्बासीले घटाएका छन् अनि त्यसपछि गएर विद्यालय, मन्दिर यी सबै कुराले चाहि वन क्षेत्रफल घटेको छ। जब क्षेत्रफलको डाटै गलत दिन्छ भने नीति कस्तो बनाइएला? डाटाका आधारमा नीति निर्माण गरिन्छ त्यसो हुनाले डाटै गलत आइराख्याछ भने यस्तो डाटाका आधारमा बन्ने नीतिले कस्तो प्रतिफल र नतिजा देला? यसमा हाम्रा कर्मचारी

मित्रहरु यता सुन्न कोही बस्ने चलन छ कि छैन कुन्नि? सरकारले कस्तो व्यवस्था गरेको छ? त्यस्तो भए त्यताबाट पनि केही मन्त्रीहरुलाई फिड्ब्याक दिनुहोला त्यो अनुरोध पनि गरेँ। त्यसपछि आयो अब यो एकदमै हाम्रो त विकास खुब राम्रो भएको छ धेरै भएको छ भनिरहन पर्ने मलाई कस्तो लाग्यो भने एउटा मान्छेले चाहि दुईटा घरमा दुईटा बोका छिमेकीले पाले। एउटाको एक वर्ष पाल्दाखेरि जम्मा १५ के.जी. भयो अब त्यो १५ के.जी. बोकाको पनि त्यसमा अरु प्राकृतिक रुपमा हुन पर्ने विकास भयो। अर्कोले अलि राम्रोसँग पालेकोमा ३० के.जी.को भयो। त्यसमा पनि अरु सबै प्राकृतिक गुणहरु सबै आए। अब त्यो प्राकृतिक गुण पुगेकालाई विकास भन्ने हो भने हिजो के भएको थिएन र ? हिजो के भएको थिएन हिजोका दिनमा के भएको थिएन? होइन त्यो भन्दा चमत्कारी भयो भने जातिवित्ति ठूलो के फरक पऱ्यो। अब १/२ वटा कुराहरु नयाँ कुराहरु यस्तो नयाँ शैलीले के आयो? सञ्चार क्षेत्र चमत्कारी ढङ्गले पहिले नै विकसित भएको थियो। बाटालाई कही कही आधा मिटर फराकिलो पारेर उद्घाटन गर्ने कुरा होला। मोटरबाटाहरु कहीँकही आधा किलोमिटर फराकिलो पार्ने कुरा होला। भएका सामान्य खालका खाल्डा पुरिएका होलान्। त्यस्तो ठूलो चमत्कारी ढङ्गले केही भएको जस्तो लाग्दैन। आम मान्छेले त्यस्तै बुझेका छन् जस्तो लाग्छ। सर्भे लाटो हिसावले लोगो नलगाइकन सर्भे गर्न जाने हो भने लोगो लाएर जाँदा कहिलेकाँही घृणा कहिले माया के के गर्ने हो भने त्यो आफ्नो आस्था अनुसार गर्लान्। लोगो नलगाइकन जाँदाखेरि चाहि त्यस्तो भेटिन्छ डाटा। अस्ति एउटा पत्रकारहरुको कार्यक्रममा भेट्यौँ एक जना पत्रकार साथीले जनप्रतिनिधिप्रति संवेदनाहीन भनाइहरु पब्लिकको आउन थाल्यो भन्ने कुराहरु व्यक्त गर्नुभयो। हामी जनप्रतिनिधिहरुप्रति जनताको सद्भाव होइन आक्रोश देखेपछि आक्रोस घृणा उत्पन्न हुन थाल्यो भन्ने एउटा कमेन्ट्री एउटा पत्रकारको आयो। अब हामी यस बारेमा पनि सचेत हुन पऱ्यो। मलाई दुईटा कुरा लाग्यो त्यसपछि बाहिर निस्कें। मलाई त्यहाँको बोल्ने मौका त दिइयाथ्यो तर मलाई दुई मिनेट भन्दा एकदम कडा आदेश भएको हुनाले मैले २ मिनेट मात्र कुरा व्यक्त गर्न सकिनँ। मलाई त्यहाँ पछि के लाग्यो भने हामी संख्या धेरै छौँ। तलदेखि माथि सम्म यत्रो हजारौँ संख्याका जनप्रतिनिधि छौँ। जनताले कर मज्जाले तिर्न पर्ने कर तिरेपछि त कर त

राज्यको मार्फत लगानी हो। लगानीको प्रतिफल नआउने जनप्रतिनिधिहरु बाक्लै भेटिने गर्दा त्यो जनप्रतिनिधिहरुप्रति आक्रोश र जनप्रतिनिधिहरुप्रति त्यो सम्मान भन्दा घृणाको भाव बढेको हो कि। हामी कसरी होसियार रहने होला यो बारेमा अलि मलाई चिन्ता लागेको छ। सरकाले यसको अलि गम्भीरतापूर्वक सोच्छ होला भन्ने मलाई लाग्दछ र मलाई म अस्ति नीति तथा कार्यक्रममा पनि मैले बोलेँ। यो आबुखैरेनीको विषादी शेष परीक्षण र राम्दी नदीको मालुङ्गाको यो अहिले पनि निरर्थक हो। मैले त त्यो नीति तथा कार्यक्रममा अनुरोध गरेपछि यसलाई केही सच्याइन्छ कि भन्ने लाग्याथ्यो। अब कतै केही सचिँदै नसच्चिने हो हात जोडेर अनुरोध गर्दा पनि नसच्चिने हो भने यो बोल्ने बोलाउने परिपाटीलाई के ढङ्गले लैजाने हो? यो निरर्थक कामहरु भइरहेको छ त्यहाँ राज्यको त्यो एकदमै बेकामको कुरा हो भोलिको रिजल्टले पनि बेकाम नै ल्याउँछ। किन राखिएको छ त्यस्तो चिजहरु त्यहाँ  यस्ता कुराहरु छन् अब यो अहिलेको सदनमा पोहोर पोहोरको भन्दा भिन्न तरिकाले पनि थोरै राजनीति पनि मिसाउने पार्टीहरुका विचमा घोचपेच पनि गर्ने कुराहरु पनि अलिअलि चले। त्यस्तो नगर्न पाए पनि हुन्थ्यो भन्ने लाग्छ र मलाई एउटा कुरा के कुरामा खुसी लागेको छ भने नेपाली काँग्रेशले २०१२ सालमा लोकतान्त्रिक समाजवादको नीति अंगीकार गऱ्यो। धेरै पार्टीका नेता साथीहरु अलमलिए र अहिले आएर सबै त्यही ट्रेनमा आएको हुनाले धेरै खुसी लागेको छ। हामीले कसैलाई अर्ती उपदेश दिने हैसियत राखिँदैन धन्यबाद जयनेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कृष्ण थापा**

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य सन्दर्भमा हामीले आफ्ना भनाइहरु राखिरहेका छौँ। यसकारण मैले पनि यस सन्दर्भमा आफ्ना भनाइहरुलाई अगाडि बढाउन चाहन्छु। २०७६/०७७ को बजेटमा धेरै कुराहरु समेटेर यो आएकै छ। यसलाई राम्रै मान्नपर्ने यो स्थिति हुन्छ त्यसकारण म यसलाई राम्रै आएको रुपमा भन्न चाहन्छु। नीति र कार्यक्रममा जस्तै सारै मिठा सायरीहरु हालेर यो आएन। यो धेरै व्यवस्थित किसिमले आएको छ। त्यति बढी टिकाटिप्पणी गर्न पर्ने यहाँ देखिएन। यस सन्दर्भमा मैले एउटा भनाइहरु एक दुईटा सायरीहरु फेरि मैले आफूले भनेर सुरु गर्न चाहन्छु। हिजोको संघीय संसदमा प्रतिपक्षको धर्म भन्दै सदन अबरुद्ध गरियो। बिरोधका लागि बिरोध गरेर सदन अबरोध गर्नु वास्तवमा धेरै दुखद हो। म अघि बोल्छु र पछि बोल्छु भनेर भन्नु विवाद गरेर सदन अवरोध  गर्नु यो सारै दुखद पक्ष हो यसकारण मैले त्यो विषयलाई यसरी एउटा भनाइ राख्छु। अर्कोतिर यो बजेट बक्तब्यमा कुरा भइरहँदा दलका आदरणीय अग्रज मित्रहरुले यो सरकारलाई वास्तवमा बच्चाको उदाहरण दिनुभएको छ। सरकार पनि बच्चा हुन्छ र? ६ महिनाको भात खानी ११ महिनामा न्वारन गर्नी अनि त्यसपछि स्कूल शिसु पठाउनी त्यस्तो हुन्छ र? अनि ५ वर्ष बिताउनी अनि कुनै कुराहरु गर्नै सकिएन बच्चै बच्चा भएर भन्नी त्यो यस्तो हुन्छ र ? सरकारले जब विश्वासको मत प्राप्त गर्दछ त्यो वास्तवमा यो एकदम सक्षम सरकार हो भन्ने ठान्नुपर्छ। जहिलेसुकै बच्चा हो भन्दै अरुलाई पनि बच्चा बनाउनी जुन अभिव्यक्ति भएको छ यो पनि सारै दुखदै नभनौँ नराम्रो हो जस्तो मलाई लाग्छ त्यसकारण जिम्मेबारीबाट पन्छिएको भन्ने मलाई लाग्दछ। त्यसकारण त्यसो नगरियोस्। अहिलेको यो बजेट बक्तब्य बास्तवमा दुईटा अंकको नभएपनि एउटा अंकको बजेट आइदिएको भए आएहुन्थ्यो हेर्नोस्। एक खरबको बजेट आइदिएको भए धेरै राम्रो हुन्थ्यो होला। हामीले यहाँ धेरै आफ्ना दाँतहरु चिच्याउनुपर्ने दाँतहरु चवाउनुपर्ने थिएन होला। कि संघीयताका कारणले त्यो १ खरबको बजेट ल्याउन नमिलेको हो र यही ३२ अरबमा सिमित भएको हो ? त्यो त होइन होला। हामीले भनेको कुरा के हो त भने संघीयतामा तपाईहरुले धेरै ठुलो बजेट ल्याउन सक्नुहुन्न त्यसकारण त्यसले नेपाली जनताका इच्छा र आकांक्षालाई पूरा गर्न सक्दैनन् भनेर हामीले

भनेको हो हेर्नोस्। अहिले त्यही त भयो त। करिव करिव यो आएको बजेट मध्ये पनि हामीले घाटा घटाउने हो भने कम्तीमा पनि पूजीगत बजेटतिर करिव ५० प्रतिशत हामीले यसमा छलफल गर्न पर्छ जस्तो लाग्छ। यदि ५० प्रतिशतले हाम्रा आकांक्षाहरु हाम्रा विषयवस्तुहरुलाई सम्बोधन गर्छ त ? मलाई लाग्छ गर्दैन त्यसैले गर्दाखेरि मलाई लाग्छ हामीले यो तरिकालाई अलि फरक प्रकारले अपनाउ भनेर हामीले भन्यौँ भनेको कुरा हो। शायद हाम्रो यो सदनमा हामी संघीयताको बिरोध गर्ने दुई जना माननीयहरु छौँ। त्यसैलाई स्वाद दिनलाई यो थोरै बजेट ल्याउनुभएको हो भने हाम्रो यो गण्डकी प्रदेशका लागि दुखद पक्ष हो यसकारण हामीले यो विषयमा पनि अलिकता मनन गरौँ। बजेटको दायरालाई हामीले अलि अगाडि बढाएर ल्याउन किन सक्दैनौँ त? यस विषयमा अलिकता सोचौँ। मैले हाम्रो गण्डकी प्रदेशबाट प्रस्तुत एउटा भनाइलाई मैले अगाडि सार्न चाहन्छु। २ वर्षमा उज्यालो प्रदेश बनाउने कुरा छ। उज्यालो प्रदेशको कसैको पनि बिमति हुन्छ जस्तो मलाई लाग्दैन र हामीले उज्यालो प्रदेशमा बस्नु हाम्रो लागि धेरै गौरवको कुरा हुन्छ। त्यो उज्यालो प्रदेशको कुरा ल्याउँदाखेरि के भनिएको छ त भने हावाबाट बिजुली निकाल्ने कुनै ठाउँमा सोलर बिजुली निकाल्ने कुनै ठाउँमा कुनै ठाउँमा सामान्य काठेपुलहरु चेन्ज गर्ने र कुनैमा माइट्राहरु मर्मत गर्ने कुराहरु भन्ने भन्याछ। ठीक छ त्यो कुरालाई पनि राम्रै मानौँ। तर गाउँमा बत्ती बास्तवमा कुनै पनि माइक्रो प्रोजेक्टबाट अथवा माइक्रो हाइड्रोबाट उत्पादन नभइकन पोलमा त्यसै जान्छ र? अनि उज्यालो प्रदेश हुन्छ? के हाम्रो प्रदेशमा त्यस्ता गौरवका योजनाहरु हामीले देख्न नसकेर हो र त? कालीगण्डकी बी बाट करिव करिव १२० मेघावाट विद्युत उत्पादन हुन सक्छ। उत्तर गंगाबाट ८०० मेगावाट विद्युत उत्पादन हुन सक्छ कि हामीले ती योजनाहरुलाई गौरवतापूर्ण योजनाहरु बनाउन नसक्नेरु त्यसकारण मलाई लाग्छ हामीले यो प्रदेशलाई आफ्नो संवृद्धि बनाउनका लागि अलि सक्षम बनाउनका लागि हो भने हामीले ती ठूला योजनाहरु प्रस्तुत गरौँ । त्यसलाई निरन्तरता दिने कुरा गरौँ र साना मसिना झिना कुराहरुमा नअलमलिऔँ जस्तो मलाई लाग्छ। अर्कोतिर यो बजेटले एउटा निरन्तरता नपाओस् भन्ने मैले एउटा शुभकामना ब्यक्त गर्न चाहन्छु। ७५ को बजेटमा हामीले के भन्यौ भने एउटा ग्राममा २५ शैयाको हस्पिटल बनाउने भन्यौँ हेर्नोस्। सारै राम्रो कुरा एउटा ग्राममा एउटा हस्पिटल हुने कुरा राम्रो हो तर अहिले यो २०७६ र २०७७ को बजेटले के गरेको छ त्यसलाई गुम पारेको छ। कि बनाइसकेर अहिले नलिएको हो कि अहिले आवश्यकता नभएर हो। यसकारण के हो त भने योजना प्रस्तुत गर्ने त्यसलाई फ्लो नगर्ने अनि शून्यमा पुऱ्याउने र अनि त्यसपछि फेजआउट गरेर हटाइने जुन किसिमका एउटा प्रचलन हुन सक्छ भयो भने अहिले हामीले बनाएका थुप्रै कार्यक्रमहरु छन् नि त्यो पनि त्यो अवस्थामा कतै पुग्ने त होइन त्यसकारण मैले त्यस्तो त्यो हुन दिन हुँदैन भन्ने कुरा मैले भन्न चाहन्छु। यस सन्दर्भमा मैले अर्को पनि

एउटा भनाइ र एउटा कुरा राख्न चाहन्छु। यो क्षेत्रगत बजेटले हामी सबैलाई एकातिर आलोचित पनि बनाएको छ एकातिर असमानता भयो भनेर भन्ने कुरा पनि श्रृजना गरेको छ। यहाँ म स्पष्टसाथ सरकारको तर्फबाट एउटा निर्देशिका पछि बनाउँछौँ भनेर किन साँच्नेरु र यसलाई वास्तवमा यो तरिकाले हामीले बितरण गर्छौँ भनेर सबैलाई सम्बोधन हुने प्रकारको त्यो कार्यविधि बनाएर अहिले हामीले प्रस्तुत किन गर्न सक्दैनौँरु यसकारण त्यसो गर्न सकियो भने यो द्विविधा, अन्यौलता, निराशाताको जुन श्रृजना गरेको छ र त्यसले पनि त्यसलाई रोक्छ भन्ने कुराहरु लाग्दछ र मैले अन्तिममा के भन्न चाहन्छु त भने विगतमा धैरै छलफल भएको धैरै कुरा भएको के हो त भने पोका र ढोकाको नै हो बजेटको । अहिले पनि हामीले के देख्छौँ भने त्यो कुरा निरन्तरता पाउने बढी सम्भावनाहरु देखिन्छ। त्यसले गर्दाखेरि मलाई लाग्छ यसलाई शून्यबाट पोका राख्नुहुन्न मैले त्यो भन्न चाहन्नँ। केही राख्न पनि पर्ने स्थिति हुन्छ तर आम मन्त्रालयको पुरै ६०र७० परसेन्टलाई बजेट प्रभाव हुने किसिमले पोकामा बजेट राख्न हुने थिएन र यसले बास्तवमा मैले भनेको कुरा के हो त भने पहिला कुरो त देखिहाल्यो कार्य गर्न नसक्नुको समस्या देखियो त। कार्यविधि बनाउनै नसक्ने समस्या देखियो त र अर्कोतिर फेरि त्यही पकेटबाट झिकेर पकेटवालालाई नै दिइन्छ कि भन्ने त्यो खेप्न त पर्‍यो नि त। त्यसले गर्दाखेरि यो नभइदिएको भए धैरै राम्रो हुन्थ्यो। यही कुरा भन्दै म आफ्नो भनाइ यही टुङ्ग्याउँछु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री राजिब पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय राजिब पहारी

माननीय सभामुखज्यू, अनुभव, इतिहास र योगदानले खारिनुभएका अर्थमन्त्री किरण गुरुङले केही दिन अगाडि यो सम्मानित प्रदेश सभामा सरकारको तर्फबाट गर्नुभएको बजेटको बारेमा अहिले हामी छलफलमा जुटिरहेका छौँ र आफ्ना धारणाहरु राखिरहेका छौँ। म पनि त्यही क्रममा यहाँ उपस्थित भएको छु। कतिपय माननीयज्यूहरुले अत्यन्त हचुवाको भरमा आग्रहपूर्ण ढङ्गगबाट टिकाटिप्पणीहरु गरिरहनुभएको सुन्दा म मात्र होइन सञ्चार माध्यमबाट ती कुराहरु सुन्ने सामान्य अर्थशास्त्रमा ज्ञान भएका व्यक्तिहरु पनि आश्चर्य चकित परिरहेका छन्। के माननीयज्यूहरुको दलिल छ तर्क छ यो बजेटले नीति तथा कार्यक्रमसँग मेल खाँदैन। बितरणमुखी भयो, शीर्षक नराखी ल्याइयो, पहुँच र कार्यकर्तालाई खुसी गर्ने ढंङ्गबाट आयो, प्रदेशको पहुँच संघ सरकारसँग पुगेन, यो बजेटले आर्थिक असन्तुलन ल्याउँछ भन्दै दया मायाका कुराहरु पनि आइरहेका छन् तर तथ्यले के भन्छ, तथ्याङ्कले के भन्छ, अर्थशास्त्रीय दृष्टिकोणबाट यो बजेटको बारेमा के छ बजेटको ढाँचा संरचनाबाट हेरौँ । कूल खर्च व्यय अनुमान ३२ अरब १३ करोड छ। चालू खर्च

१२ अरब २८ करोड छ। पूजीगत खर्च १९ अरब ८४ करोड छ। खर्च व्यहोर्ने श्रोतमा नेपाल सरकारको अनुदान सामानीकरण शसर्त सम्पूर्ण र विशेष गरी १३ अरब ९६ करोड छ। राजश्व बाँडफाँडबाट प्राप्ति ८ अरब १० करोड छ। आन्तरिक राजश्व कर र गैर करबाट प्राप्ति हुने ३ अरब ७ करोड छ। न्यून बजेट घाटा जुन अनुदान र राजश्व बाहेकले नपुगेको बाट आउने ६ अरब ७३ करोड छ। गत वर्ष खर्च नभएर बाँकी रहेको नगद मौज्दात ४ अरब ८० करोड छ। आन्तरिक ऋण जुन परियोजना बनाएर बैक र जनताबाट बचत ऋण लिएर त्यो प्राप्त गर्न सकिनेछ त्यो चाहि ९८ करोड छ। नेपाल सरकारबाट चाहि प्राप्त हुने १ अरब छ। यसरी बजेटको ढाँचाले यी कुराहरुलाई प्रष्ट पारेको छ। बजेटका जुन उद्धेश्य छन् संस्थागत संरचना सुदृढ गर्ने, उत्पादन र उत्पादकत्त्व बृद्धि गर्ने, रोजगारी श्रृजना गरी गरिबी निवारण गर्ने लगायतका धैरै बजेटका उद्धेश्य अनि प्राथमिकताहरुको जुन पूर्वाधार विकास, पर्यटनको एकीकृत विकास, कृषिको आधुनिकिकरण, जलश्रोतको विकास, औद्योगिक विकास लगायतका जति पनि स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा मानव संशाधन विकास र सुशासन प्रवर्धन हुन्छ। यी सबै उद्धेश्य र प्राथमिकताहरुलाई सरकारको नीति तथा कार्यक्रम वार्षिक र प्रथम पञ्चवार्षिक योजनाले औल्याएका नीति रणनीति र कार्यनीतिको पद चिन्ह अनुसार रहेका छन्। समग्रमा बजेट चालू आर्थिक वर्षको नीति कार्यक्रम र बजेटको कार्यन्वनको पृष्ठभूमिमा आएकोले यसको आकार थोरै महत्त्वकांक्षी देखिएतापनि संरचना र खर्च व्यहोर्ने श्रोतहरुलाई मध्यनजर गर्दा र सरकारको प्रतिवद्धता हेर्दा त्यति अस्वभाविक र अवास्तविक देखिदैन। सरकारको पहिलो वर्षको अनुभवले कार्यन्वयनमा रहेको जटिलता निरुपण भएकोले आगामी वर्ष कर्मचारीको समायोजनको अन्योल हट्ने कर्मचारीतन्त्र योजना र कार्यक्रम कार्यान्वयनमा दृढता परिचालित हुने आवश्यक कानूनी प्रकृयाहरु तयार भइसक्ने र सिधै कार्यन्वयनमा जान सकिने अबस्थाले गर्दा बजेटले ल्याएका कार्यक्रमहरु कार्यन्वयनमा हुने कुरामा विश्वास गर्ने परिस्थिति श्रृजना भएको छ। त्यस्तै बजेटको बिनियोजन नीति र कार्यक्रमअनुसार छ। चालू वर्षका कार्यक्रमहरुले निरन्तरता पाएको र केही थप कार्यक्रमहरुको सम्भाव्यता अध्ययन र विस्तृत परियोजनाहरुका प्रतिवेदन बनाउन

पर्याप्त रकम विनियोजन गरिएको छ। सबै जिल्ला निर्वाचन क्षेत्र र वर्गको लागि सन्तुलित रुपमा कार्यक्रमहरु प्रस्तावित गरी बजेट बिनियोजन गरिएको छ। कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, खेलकूद र यूवाका क्षेत्रहरुमा उद्योग विकासमा महत्त्वपूर्ण कार्यक्रमहरुका साथ पहलकदमी लिन खोजिएको छ। संस्थागत विकास र  पूर्वाधार विकासमा कार्यक्रमको केन्द्रीकरण रुपमा फोकस गरिएको छ। संघ र स्थानीय तहको कार्यक्रमसँग सहकार्य र साझेदारी गर्ने गरी कार्यक्रम र बजेट विनियोजन गरिएकाले संघीयताको मर्मलाई आत्मसाथ गरेको छ। विगतका कमीकमजोरी र सिमाहरुलाई स्पष्ट पार्दै तिनीहरुलाई हटाएर जाने प्रतिवद्धता गरिएको छ। सबै भन्दा ठुलो यो बजेटको ६२ प्रतिशत भन्दा बढी हिस्सा पूजीगत खर्च गर्ने प्रस्ताव गरिएको र ऋण लिएर भए पनि विकासलाई गति दिन पर्छ भन्ने दृढ इच्छाशक्ति यो बजेटमा अभिव्यक्ति भएको छ। सुशासनलाई प्रभावकारी बनाउने र विकास प्रशासनलाई चुस्त र परिणाममुखी बनाउन संस्थागत र प्रणालीगत ब्यवस्था गर्ने प्रतिवद्धता र कार्यक्रमहरु समेटिएको छ। चालू आ.व.मा नेपाल सरकारबाट प्राप्त हुने अनुमान गरेभन्दा बढी अनुदान र राजश्व बाँडफाड प्राप्त गर्न सकेकोले सरकारको समन्वय र पहलकदमी देखिएको छ। संसदीय पूर्वाधार विकास कार्यक्रम मार्फत प्रदेश निर्माणका विषयहरुमा सक्रियता र संलग्नता सांसदहरुको सक्रियता र संलग्नता वृद्धि गर्ने प्रयास गरिएको छ। यति धैरै कुराहरु यहाँ उल्लेख हुँदा हुँदै पनि यो बजेटको बारेमा विभिन्न ढङ्गबाट टिकाटिप्पणी हुने कुरालाई मैले कुनै अन्यथा मान्दिनँ। किनकि एउटै उचाइमा उडिरहेको चराहरुमा पनि परेवाले आँगनको बिस्कुन देख्छ कागले जुठेल्नाको जुठो देख्छ। गिद्धले बाहिरको सिनो देख्छ। आखिरीमा जस्तो सोच छ जस्तो दृष्टिकोण छ त्यही अनुसारका चाहि अभिव्यक्तिहरु आउने कुरालाई मैले अन्यथा मान्दिनँ। अब यो बजेट बितरणमुखी भयो भन्ने कुरा पनि आएको छ । सामाजिक सुरक्षामा त व्यवस्थापन गर्न पर्‍यो। त्यो बाहेक त यो बजेटले पूर्वाधार निर्माणमा जोड दिएर ठूलो रकम त्यसमा छुट्याएको छ। जहाँसम्म बजेट भनेको नै प्राथमिकताको आधारमा तत् तत् क्षेत्रमा विन्यास गर्ने चिज होइन र? के बजेट भनेको हाम्रा आमा/ हजुरआमाले मधुसभित्र भोटे ताल्चा लगाएर गाँठो पारेर लुकाएर राखेको पैसा

त होइन होला नि। बजेट भनेको त हरेक क्षेत्रमा प्राथमिकताको आधारमा सन्तुलित हिसावले बितरण गर्ने रकम होइन र ? एकातिर रकम विभिन्न क्षेत्रमा वितरण गर्दा वितरणमुखी भयो भन्ने अनि अर्कोतिर केही केही शीर्षकमा रकम ठक्क ठक्क राख्दा पोको पारेर राखियो भनेर कुप्रो मान्छे जस्तो उठि बस्ने। जे गर्दा पनि आलोचना गर्ने कुरा यो पूर्वाग्रही मानसिकताबाट आएको नभइ केबाट आएको भन्ने त ? अर्को कुरा म भ्रष्टाचार गर्दिनँ गर्न पनि दिन्न भन्ने नारा यो त सरकारको सोच हो, दृष्टिकोण हो, लक्ष्य हो, उद्धेश्य हो र यो उद्धेश्य लक्ष्यलाई त परिपूर्ति गर्नको निम्ति हामी सबै जिम्मेवारी भएर लाग्नु त पर्दैन र? मलाई त एउटा कुरा याद आइरहेको छ। गाउँभरि खोज्दाखेरि पनि नपाएपछि बजार गएर बिरालो किनेर ल्याएर बिरालो बाँधेर श्राद्ध गर्ने गरी असहमति र फरकपन देखाउनको निम्ति विभिन्न मनगढन्ते र कपोलकल्पित कुराहरु त पानीको फोका झै फुटेर जान्छ। ती धेरै लामो समय चाहि अट्दैनन् रहँदैनन् भन्ने मलाई लाग्छ। सबै कुरा प्राथमिकता अनुसार आउँदा आउँदै पनि यो बजेटमा शीर्षक मिलेको छैन होला। ह्स्व, दीर्घ, उकार, एकार मिलेको छैन होला। त्यो मिलाउनको निम्ति म माननीय अर्थमन्त्रीज्यूलाई बिनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु। त्यति भइसकेपछि धेरै कुराको समस्या नआउँला। अब यो बजेट अघि प्रसङ्ग पनि आयो। अहिले त यहाँ बहुमतको कुरा होइन दुई तिहाइको कुरा होइन कता अल्पमतले भनेको बहुमतले मान्न पर्ने हो कि जस्तो हिजो संघीय संसदको घटनाले त्यो देखाएको छ। त्यो घटनाको सन्दर्भमा मलाई एउटा कुरा याद आइरहेको छ। संघीय संसदमा मान्छे भन्दा छाँया अगाडि हुन पाउनु पर्छ। मान्छेले बोलेपछि छाँयाले बोल्नुको कुनै अर्थ हुँदैन। त्यो हिम्मत र औकात मसँग छैन। छाँया प्रधानमन्त्रीको नेतृत्त्वमा सदन अवरुद्ध गर्दै संसदीय मूल्य मान्यताको धज्जी उडाउने काम लोकतन्त्रको एकमात्र ठेकेदार हुँ भन्ने पार्टी जुन पार्टीको मलाई अहिले ठ्याक्कै नाम आएन। त्यो देख्न र हेर्न पनि पाइयो। तसर्थ म अनुरोध गर्न चाहन्छु आग्रह गर्न चाहन्छु। यो बजेटमा धेरै कुराहरु समेटिएका छन्। हो अघि पूर्ण बजेट कार्यान्वयन गर्ने सन्दर्भमा कतिपय नीति नियमहरु, कानूनहरु बनाउने कुरामा अप्ठ्यारा थिए होलान् म यही कुरा राख्दै अन्तिममा माननीय अर्थमन्त्रीज्यूले यति राम्रो बजेट ल्याउँदा पनि आलोचना

आएको सुन्दा दङ्ग पनि खानुभयो होला। तर एउटा हिन्दीमा कावत छ  गलत होकर को खूदको सही सावित हो कर्ना उत्का मुस्किल नही । जित्ना सही हो भर खुदको सही सावित कर्ना तसर्थ यो बजेट जुन सही छ, यथार्थपरक छ यथार्थको धरातलमा उभिएर चाहि यो बजेट आएको छ। यो बजेटलाई कार्यान्वयन गर्ने कुरामा  हामी सबै लाग्नुपर्छ। अन्तिममा एउटा कुरामा टक्क तोकिएरै आएको भए अझ राम्रो हुन्थ्यो। त्यो चाहि  पछि अर्को किताबमा आउँला। सर्वोच्च अदालतले फैसला गरेको फेवातालको विषयमा अलि ढक्क सहित आएको भए अझ चाहि राम्रो हुन्थ्यो र त्यो पनि पुस्तकमा आउँला ।

धन्यबाद । नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री पुष्पा के.सी.भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय पुष्पा के.सी भण्डारी

माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ ज्यूले प्रस्तुत गर्नुभएको २०७६/०७७ को बजेटलाई नियाल्दा यसले आफ्ना सिमाहरु र चुनौतीहरुलाई पहिचान गरी नीति कार्यक्रमको दायरामा बसी बजेट निर्धारण गरेको पाएकी छु। बुँदा नम्वर ६, ७, ८ र १६ ले यी कुराहरुलाई इंगित गर्दछन्। त्यस्तै गरी बजेटको उद्‌धेश्यहरु र प्राथमिकता जुन बुँदा १७ र १८ मा उल्लेख छन् अति नै महत्त्वपूर्ण छन्। यिनीहरु एक पछि अर्को नभइ समानान्तर रुपमा अघि बढाइन्छन् भन्ने मैले बुझेकी छु। किनकि पूर्वाधारको विकास गर्न मानव संसाधनको विकास र सुशासनको प्रत्याभूति सँगसँगै चाहिन्छ। त्यस्तै उद्‌धेश्यमा नीति बनाउनेदेखि लाभको बितरण सम्म उल्लेख छ। जसले शिरदेखि पाउसम्मको योजना बुनेको छ। बजेटको उद्‌धेश्य र प्राथमिकताले नै विकासको स्पष्ट खाका प्रस्तुत गरेको छ। अझ भनुँ गास, बास र कपासको प्रत्याभूतिका लागि परेको छ बजेट।

सभामुख महोदय, यो बजेटको अर्को सुन्दर पक्ष भनेको गएको वर्ष तय गरिएका र सुरु गरिएका कार्यक्रमहरुको निरन्तरता हो भने दुई तिहाइको सरकारको देन पनि। यसको श्रेय ती सम्पूर्ण मतदाताहरुमा जान्छ जसले सही समयमा सही निर्णय गरे। सभामुख महोदय, धेरै पटक उल्लेख गरेको कुरा पुनः दोहोयाउँछु। गएको वर्ष सुपर स्टक्चर तयार पार्दैमा बित्यो। त्यो नभइ इन्फ्रास्टक्चर तयार गर्न नै मिल्ने थिएन। यो वर्ष अब ती नीति, नियम, ऐन, कानून र कार्यविधिमा टेकेर जति पनि विकासका कामहरु गर्न सकिनेछ। यो बजेटले भौतिक संरचनाहरु जस्तै सडक, खानेपानी, सिचाई, ऊर्जा, सहरी विकास आदि धेरै कुरालाई महत्त्वका साथ हेरेको छ। यो बिना कृषि, पर्यटन, उद्योग आदि सफल हुन कठिन छ। यो सबैलाई बिदितै पनि छ। यसमा म धेरै चर्चा नगरुँ तर ऊर्जाको क्षेत्रमा जलविद्युत तथा बैकल्पिक ऊर्जाको उत्पादन र उपभोग बढाएर पेट्रोलियम पदार्थलाई प्रतिस्थापन गर्ने भन्ने कुरा जुन उल्लेख छ त्यस कुराले मलाई निकै प्रसन्नता दिएको छ। यसलाई प्रभावकारी तवरले व्यवहारमा उतार्दाको क्षणमा हामी कुनै नाकाबन्दीहरुदेखि त्रसित हुनुपर्ने छैन। आत्मनिर्भर हुनु आफैमा गौरवको विषय हो। सभामुख महोदय, म यो कुरा यसै भनिरहेकी छैन जुन बेला सहरतिरका मानिसहरु नाकाबन्दी र लोडसेडिङ्गको मारमा बोतलमा पेट्रोल किन्दै र मौका छोपेर खाना बनाउन विद्युतीय चुलो किन्दै थिए त्यो बेला यही पोखराको १९ नम्बर वडाको पुरुन्चौर भन्ने गाउँ यो प्रकोपबाट अछुतो थियो। उनीहरु सौर्य ऊर्जाको प्रयोग गरेर रातिमा घर उज्यालो पार्दथे। बायो ग्याँसबाट खाना बनाउँथे भने झिक्राहरु बालेर कुँडो तयार पार्थे पशुका निम्ति। भकारीमा धान, बारीमा हरिया सब्जी, गोठमा भैसी, खोरमा कुखुरा/ बाख्रा आत्मनिर्भरताको नमूना त्यो गाउँमा हरेक घरमा देखाउनका निम्ति एउटा एउटा ग्याँस सिलिन्डर पनि थियो। जुन वर्षमा एउटा पनि सकिँदोरहेनछ। यो बजेटले यी कुरालाई गहिरिएर बुझेको देख्दा म अत्यन्त आशाबादी छु कि हामी छिटै विविध बैकल्पिक ऊर्जा र जलविद्युतबाट आयात गरिने पेट्रोलियम पदार्थलाई प्रतिस्थापन मात्र गर्ने छैनौँ स्वच्छ वातावरण पनि निर्माण गरिरहेका हुनेछौँ।

सभामुख महोदय , त्यस्तै गरी पर्यटनमा पदमार्गको आफ्नै महत्त्व छ र सरकारले त्यसमा पनि विचार पुऱ्याएर बजेट एलोकेसन गरेको छ। त्यसमा ध्यान पुऱ्याउन पर्ने कुरा के छ

भने प्रचलित पर्यटन गन्तव्यहरुमा भइरहेका पदमार्गहरु मोटरबाटोले विस्थापित जस्तै गरेको र पैदल हिँड्ने पर्यटकहरुलाई धुलोले नाक छोपेर हिँड्न पर्ने भन्ने जनगुनासो हालै मात्र सुन्नमा आएको थियो। लमजुङ्गबाट मनाङ्ग हुँदै मुस्ताङ्ग, मुक्तिनाथ, पोखरा गर्ने पर्यटकलाई यो यात्रा सोचे जस्तो भएन भनेर यस्तोमा सरकारले बैकल्पिक पदमार्ग बनाएर ती गन्तब्यको पर्यटकीय आकर्षणलाई कायम राख्नु आवश्यक हो कि भन्ने मलाई मलाई लाग्दछ। त्यस्तै कृषि बिमा र ऋणको ब्याज मिनाहा गर्ने भन्ने कुरा कृषकमा एक किसिमको रक्तसञ्चार हुने कुरा हो। बरु यसको मेकानिजमलाई कृषकको पहुँचमा पुर्‍याउनु महत्त्वपूर्ण काम हो र त्यो विभिन्न ओरेन्टिएसन ट्रेनिङ्गबाट पनि गर्न सकिनेछ भन्नेमा म ढुक्क छु। त्यस्तै गरी ऋण ती ब्यक्तिहरुलाई दिँदा उचित हुनेछ जसले सम्बन्धित विषयमा तालिम प्राप्त गरेका हुन्छन्। त्यसैगरी बुँदा ८२ मा पनि मेरो ध्यान गएको छ। एक नागरिक एक फलफूल जडिबुटी आदिको बृक्षारोपण बारी हुनेले बारीमा रोप्ने नहुनेले के मा रोप्ने प्रश्न हुन सक्छ। त्यो पनि गर्न सकिने नै छ। यता पुम्दीभुम्दी स्याङ्गजातिर खालि चौरमा घाँसका बुटा रोपेर हुर्काउने अनि त्यो रुख मेरो भनेर चौरमा चर्न आएका आफ्ना वस्तुभाउहरुलाई घाँस झराल्दै खुवाउँदै गर्दारहेछन्। त्यसरी नै खालि जमिन/ जग्गा सडक किनार नहरको किनार पार्क जङ्गलभित्रपनि विरुवा रोपेर यो बिरुवा मेरो भनेर बनाउन सकिन्छ। सफा वातावरण स्वस्थ जीवनको उद्धेश्य पनि यस ८२ नम्वरको बुँदाले पूरा गर्न सकिन्छ र यसले ग्रीनरीलाई प्रमोसन गर्ने पनि मैले विश्वास लिएकी छु। सभामुख महोदय, बजेटका सबै पक्षमा मेरो पूर्ण सहमति छ। यति हुँदाहुँदै पनि महिलाका बारेमा कुरा नराखी जानुले मेरो छलफल अपूर्ण नै होला जस्तो लाग्छ। हुन त जे जति पनि कार्यहरु उल्लेख छन् ती सम्पूर्ण नेपाली नागरिकका हितमा छन्। अझ भिन्न क्षमता भएका बाल बृद्ध सबैलाई पनि हुने गरी तय गरिएका छन्। बाटोघाटो, सिचाँइ, ऊर्जा कृषि, स्वास्थ्य सुविधा, बिमा आदि जे पनि छन् त्यसको प्रतिफल सबैले पाउँछन्। मृगौला जसको फेल भए पनि उपचार पाउँछन्। त्यति हुँदाहुँदै पनि महिला भनेर पनि यहाँ शीर्षक छुट्याइएको छ। बुँदा १०२ र बुँदा १०३ त महिलाको बारेमा नै छ। त्यस्तै १२२ बुँदा पनि विपन्न महिलामैत्री देख्दछु। १२३ र १२४ बुँदाले पनि महिलाहरुलाई समेटेको छ। १२३

को पुनस्र्थापना केन्द्रले हिंसा पिडितलाई ओत दिने मात्र नभई सक्षम बनाएर या त परिवारमा पठाउने या आत्मनिर्भर जीवन जिउन सक्ने बनाएर पठाउने हो। यो त सबैले बुझैकै कुरा हो। त्यस्तै १२४ बुँदाको महिला शसक्तिकरणका कुरामा चर्चा गर्दा यो त निरन्तरता हो गत वर्षको कार्यक्रमको भनिएको छ। सशक्तिकरण भन्ने बित्तिकै शिक्षा, स्वास्थ्य, रोजगारी , निर्णयमा पहुँच, समानता आदि कुरा त सँगसँगै आइहाल्छ यसमा अलमल हुन पर्छ जस्तो मलाई लाग्दैन र सरकारको बुझाइ पनि यही हो भन्ने म ठान्दछु। सभामुख महोदय, बजेट मलाई लाग्दैन आमाले छोरीलाई लुकाएर दिने जस्तो गरी लुकाइएको छ। बरु यो त स्पष्ट छ। हेर्नेहरुको नजर आफ्नो आफ्नो बुझ्नेहरुको बुझाई आफ्नो आफ्नो। संविधानले अंश र बंशको अधिकार मानेको अनि गएको भदौदेखि छोरी अंशका अधिकारी र नयाँ विधेयक पास भएको अवस्थामा बाबु आमालाई आफ्नो कमाईको १० प्रतिशत दिन बाध्यकारी समेत हुने अवस्थामा ३३ प्रतिशत महिला प्रदेश सभा सदस्य र महिला उपसभामुख समेत रहेको यस सम्मानित सभामा छोरीलाई यति हेपेर उदाहरणमा प्रस्तुत गर्नु कति औचित्यपूर्ण छ सभामुख महोदय, म सोध्न चाहन्छु। अन्त्यमा यो वर्ष जनताबाट सरकार र हामीहरुलाई कुन बहानामा माफी हुने छैन। त्यसकारण समयमा नै बजेट निकासा गरी कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउन सुझाव राख्दै आफ्नो र आफ्नो दलको यस बजेटमा पूर्ण समर्थन रहेको अवगत गराउँदै आज्ञा चाहन्छु धन्यबाद नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्य श्री मित्रकुमारी गुरुङ सुबेदीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय मित्रकुमारी गुरुङ सुबेदी**

माननीय सभामुख महोदय, माननीय  आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङद्वारा प्रस्तुत बजेटमा हामी छलफल गर्दै आएका छौँ। अर्थतन्त्रको आधार बलियो बनाउन सबै प्रकारका विभेद जस्ता बहिस्कार, उत्पीडन, बन्चितकरण र असमानता अन्त्य गर्नका लागि समान वितरण र पुनः वितरणका माध्यमबाट आर्थिक, सामाजिक

रुपान्तरण हुने गरी यो बजेटको तर्जुमा भएको छ। लगानीबाट उत्पादनमा बृद्धि गरी न्यूनीकरण, रोजगारी तथा स्वरोजगारको अवसरहरु वृद्धि गर्दै प्रदेशको विकास र संवृद्धिका लक्ष्य हासिल हुने दिशातर्फ बजेट केन्द्रित छ। अनुत्पादक र अनावश्यक खर्च घटाउने पूजीगत बजेटको अंश बढाउने र चालू खर्च मितव्यितामा ल्याउने गरी बजेट प्रस्तुत भएको छ। साथै प्रशासनीय तथा प्रविधि क्षमता शोध तथा विनियोजनका विच सन्तुलन कायम हुने गरी श्रोत व्यवस्थापन गर्ने व्यवस्थापन मिलाइएको छ। कुनै क्षेत्रमा शोधको थोरै वा धेरै नहुने गरी विनियोजन सन्तुलन कायम हुने व्यवस्था मिलाइएको छ। संवृद्धि प्रदेश निर्माणका आधार पर्यटन, ऊर्जा, कृषि,  उद्योग पूर्बाधार श्रृजनाशील मानवीय पूजी निर्माण तथा विकास सुशासन होऊन् भन्ने विषयलाई बजेट स्पष्ट छ। संघीयताको मर्म र भावना अनुरुप प्रदेश र स्थानीय तहविच सेवा प्रवाह र विकास आयोजनामा सह -लगानी गर्ने व्यवस्था गरिएकोले यसबाट सामान्य र सन्तुलनको स्थिति श्रृजना हुनेछ। यो माथि उल्लेखित गरिएका विषयबस्तुको आधारमा यो बजेट हाम्रो गण्डकी प्रदेशको समग्र विकासतर्फ केन्द्रित रहेको स्पष्ट देखिन्छ। तसर्थ म यो बजेट पूर्ण समर्थन गर्दछु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय लक्ष्मी सुनार

माननीय सभामुखज्यू , प्रदेश सभाको आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्गज्यूले आर्थिक वर्ष २०७६ सालको बजेट बक्तव्य असार १ गते गरिसक्नुभएको छ। नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, नेपाल सरकारको समष्टिगत आर्थिक नीति र दीर्घकालिन सोचबाट निर्देशित हुँदै प्रदेश नीति तथा योजना आयोगको आवधिक योजना र मध्यकालिन खर्च सञ्चालनका लागि सञ्चारका आधारमा प्रदेश सभाका स्वीकृति प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा भएको छ। सबै प्रकारका विभेद, बहिस्कार, उत्पीडित,

उत्पीडन ,बञ्चीतिकरण र असमानताको अन्त्य गर्नको लागि आर्थिक सामाजिक रुपान्तरण हुने गरी यो बजेट तर्जुमा भएको मलाई लाग्दछ। सडक पूर्वाधारपट्टि हेर्ने हो भने प्रदेश गौरव आयोजनाको रुपमा रहेको बृहत पोखरा चक्रपथ र पोखरा भिमाद दुम्कीबास द्रुत मार्ग साथै शालिग्राम संस्कृति करिडोरलाई दुई खण्डमा निर्माण कार्य सुरु गर्ने गरी रु १ करोड विनियोजन भएको छ र प्रदेश राजधानीलाई जिल्ला सदरमुकाम सम्म जोड्न सडक एक निर्वाचन क्षेत्र र एक सडक स्थानीय तहको वडा केन्द्र सम्म जोड्ने क्रमागत सडकलाई प्राथमिकता दिई निर्णय कार्य अगाडि बढ्नको लागि यो बजेटको व्यवस्था भएको छ। चालू आर्थिक वर्षमा निर्माण सुरु गरिएको सडक, पुललाई क्रमागत रुपमा सडक र सडक पुल निर्माण गर्नको लागि रु ८ अरब १८ करोड रुपैया विनियोजित भएको छ। प्रदेशभित्र गाउँबस्तीमा आवतजावत सहजका लागि झोलुङ्गे पुलको व्यवस्थाको लागि पनि बजेट छुट्टिएको छ। माननीय सभामुखज्यू, मलाई लाग्छ सबै भन्दा महत्त्वपूर्ण आवश्यकता स्वास्थ्य, शिक्षा, खानेपानी, सिचाई र पूर्वाधार। स्वच्छ पानी खुवाउनको लागि एक घर एक धारा कार्यक्रमलाई जोड दिई यसको लागि पनि बजेट छुट्टिएको छ र स्वास्थ्यमा हेर्ने हो भने सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा आम नागरिकको पहुँचमा पुर्‍याउन प्रदेश सरकार प्रतिवद्ध रहेको छ। स्वास्थ्य बिमा कार्यक्रम, स्वास्थ्य सचेतना कार्यक्रम घरदैलोमा पुर्‍याउन र खोप कोषलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ। क्यान्सर, मुटु र मृगौला रोगको उपचारलाई प्रदेशभित्र नै उपचार हुने गरी अस्पताल स्थापना गर्ने कार्यक्रमलाई जोड दिएको छ। बुँदा नम्बर ९९ मा हेर्ने हो भने मृगौला पिडित बिरामीको लागि विभिन्न जिल्लामा डाइलासिस सेवा उपलब्ध गराउने उद्धेश्य, पर्वत, म्याग्दी, स्याङ्गजा , गोरखा र लमजुङ्गमा सञ्चालन गर्ने भनिएको छ् र त्यसमा नवलपुर जिल्ला छुटे जस्तो लागेको छ। यस जिल्लामा पनि व्यवस्था गर्न आवश्यक देख्दछु। नीति तथा कार्यक्रमको किताबमा बुँदा नम्बर १५३ मा नवलपुर जिल्लामा पनि मृगौला पिडितलाई डायलासिस सेवा बिस्तार गर्ने भनिएको छ। नवलपुर जिल्ला अस्पताल र डेढ गाउँ स्वास्थ्य केन्द्रमा भनी सर्पदर्श स्वास्थ्य उपचार केन्द्रमा स्थापना गर्न आवश्यक बजेटको

व्यवस्था गरेकोमा खुसीको कुरो हो। मातृशिसु स्वास्थ्य सुधार ल्याउन र बाल मृत्युदर घटाउन महिला तथा बाल अस्पताल निर्माण कार्यक्रम र दुर्गम तथा विकट क्षेत्रमा गर्भवती तथा सुत्केरी महिलाको लागि एयर लिफ्टिङ्गको व्यवस्था गरेको राम्रो हो। शिक्षातर्फ हेर्ने हो भने प्रदेशका दुर्गम हिमाली क्षेत्रमा सामुदायिक विद्यालयलाई आवासीय विद्यालयमा रुपान्तरण गर्न र टाढाबाट पढ्न आउने विद्यार्थीलाई आवासीय व्यवस्था सहित आवास निर्माणका लागि बालबालिकाहरुको चौतर्फी बिकासमा सहयोग पुऱ्याउन र प्रदेश अन्तर्गत ३६ माध्यमिक तहमा विज्ञान विषय पढाउने कक्षा ११ र १२ सम्म विद्यालयलाई प्रोत्साहन गर्ने र अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने विद्यालयलाई शिक्षण प्रविधिको व्यवस्थापन गरी शिक्षण सिकाइमा तालिम उपलब्ध गराउने राम्रो पक्ष हो जस्तो लाग्छ। खेलकूद तर्फ हेर्ने हो भने पनि राम्रो व्यवस्था भएको छ। मलाई लाग्छ युवाहरुको लागि क्षमता अभिवृद्धि गर्न तथा राष्ट्र निर्माणमा सरिक गराउन युवा नीति नियम र कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन युवाको उद्यमशीलता अभिवृद्धि गर्न युवा स्वरोजगारको लागि विदेश पलायन भएका युवाहरुलाई स्वदेशमा नै रोजगारी दिलाउनको लागि पनि बजेटको व्यवस्था भएको छ। माननीय सभामुखज्यू, हाम्रो देशमा बहुजातिय, बहुभाषिय, बहुधार्मिकको, बहुसांस्कृति रहेको देशमा जातिय विभेदता जगेर्ना र प्रवधर्न गरी विभिन्न सङ्ग्रहालय निर्माण गर्न र मन्दिर, गुम्बा, मस्जिद र चर्चको मर्मत गर्नको लागि साथै कुमाउ, दलित समुदायका र अन्य परम्परागत ज्ञान, सिपमा आधारित हस्तकला र घरेलु साना तथा लघु उद्योगलाई प्राथमिकता दिनको लागि बजेटको व्यवस्था भएको छ र मलाई भन्नै मन लाग्यो हाम्रो देशमा जातिय विभेद, भेदभाव, छुवाछुत र हिंसा पिडित कहिले सम्म अन्त्य हुने हो र छुवाछुतको कारण अझै पनि कतिले कुटाइ खानु परेको छ भने कतिले ज्यानै गुमाउनुपरेको छ। यो प्रदेश सभा मार्फत सरकारको ध्यान जाओस् भन्न चाहन्छु। आधा धर्ती ओगटेको महिलाहरुको लागि पनि विभिन्न विषय शीर्षकमा बजेटको व्यवस्था भएको छ र त्यसमा पनि विभिन्न सिपमूलक कार्यक्रम आयमूलक र क्षमता अभिवृद्धि कार्यक्रमहरु समेटिने गरी होस् भन्न चाहन्छु। वन तथा वातावरणतर्फ पनि राम्रो बजेटको व्यवस्था भएको छ र होमस्टेको लागि पनि राम्रो

व्यवस्था भएको छ। कृषिपट्टी राम्रै बजेटको व्यवस्था भएको जस्तो लाग्छ। सबैभन्दा पहिला विषादी रहित अन्नबाली, तरकारी उब्जाउनको लागि प्रशिक्षण दिन अति आवश्यक छ। विभिन्न आवश्यक ठाउँमा सिचाईको व्यवस्था गर्ने, बधशाला, चिस्यान केन्द्र, शीत भण्डार, दुग्ध विकास बोर्डको लागि पनि बजेट ब्यबस्था भएको छ। सुकुम्बासी समाधानको लागि जमिन र आवासमा स्वामित्त्व तथा अधिकार प्रकृतिका श्रोत साधनका उपयोग र लाभ दिने कुरामा ध्यान दिनु पर्छ जस्तो लाग्छ। अन्तिममा यो बजेट बक्तव्य अति मेहनतको साथ तयार गर्नुभएको छ। त्यसको लागि मन्त्रीज्यूहरु साथै कर्मचारीहरुलाई धन्यबाद दिँदै र जहिले पनि उखान टुक्का गर्दाखेरि महिलालाई नै आरोप लगाउने किसिमको भएको छ। हजुरआमाले लुकाएर राखेको पोको भन्ने यो शब्दले महिलाहरुको सम्मानमा ठेस पनि पुगेको छ। उदाहरण, उखानहरु महिलालाई नै देखाएर भन्नपर्ने कुरा त अन्त्य गर्ने हो कि भन्दै सम्पूर्णलाई धन्यबाद दिँदै मेरो दल र मेरो समर्थन गर्दै म यहाँबाट बिदा हुन्छु हस् धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री मिनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मिनप्रसाद गुरुङ

सभामुख महोदय, आज हामी गण्डकी प्रदेश सरकारको तर्फबाट माननीय अर्थमन्त्री किरण गुरुङज्यूले आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तब्यको छलफलको क्रममा उपस्थित भएको छु। सभामुख महोदय, यो बजेट बिगतको सिकाइ र भोगाइहरु सँगसँगै बर्तमानको यथार्थ र बस्तुपरक आधारमा उभिएर आगातको उज्यालो भविष्यतिर निर्देशित भएको मैले पाएको छु। स्वभाविक रुपले बजेट बितरणमुखी हुन्छ नै। बजेट भन्नासाथ यो बितरण नगरिकन शायद बजेट बिनियोजन यो बजेटको सार्थकता रहँदैन। यो सिद्धान्ततः अर्कोतर्फ बजेट बितरणमुखी भनिरहँदाखेरि या यसलाई हामीहरु छलफलको क्रममा यो घाटा बजेट या हामी सरपल्स बजेट भनौँ या ब्यालेन्स बजेट मूलतः बजेटका यी तिनवटा चरित्र हुन्छ भन्ने मलाई लाग्छ र त्यसो भनिरहँदाखेरि हामीहरु यो बजेट मूलतः सरकारले

ल्याउने बजेटहरु ब्यालेन्स बजेट भन्दापनि या चाहि त्यो अहिले सम्मको हाम्रो प्राक्टिसमा एउटा क्लासिकल या आइडल एप्रोज त्यो पुरानो भइसक्यो। या एउटा परिवारले ल्याउने बजेट नभइकन सरकारले ल्याउने बजेट सम्भवतः थुप्रै कार्यक्रमहरु, नीतिहरु, श्रोतहरुको व्यवस्थापन र सम्भावनाहरुको खोजी सँगसँगै बजेट ल्याउने भएको हुनाले पनि मलाई बिद्धान माननीयले भने अनुसार जस्तो यसका श्रोतहरु परिचालन गर्ने क्रमहरुमा अर्थात यसरी हामीहरु भोलिका कार्यक्रमहरुलाई निर्देशन गरिरहने क्रममा यहाँनेर कार्यान्वयनको सम्भावना र शङ्काका कुराहरु त्यति स्वभाविक छ जस्तो मलाई लाग्दैन। त्यसो भएको हुनाले अनि अर्कोतर्फ बजेट घाटा बजेट वा दिदा समेत बजेट सँगसँगै स्वभाविक रुपले यसको सिद्धान्ततः यो निरन्तरता पनि हो सरकारका कार्यक्रमहरुको र सँगसँगै त्यतिमात्र होइन निरन्तरता मात्रै छैन यो बजेट नवीनता पनि छ धैरै यो बजेटमा धैरै माननीयज्यूहरुले यो रोष्टमबाट अभिव्यक्त गरिसक्नुभएको छ। स्वभाविक हो, हामीहरु हाम्रा नीति, कार्यक्रम, सिद्धान्तहरुमा आधारित भएर त्यतिमात्र होइन सरकारले अहिले संघीय सरकारदेखि लिएर र त्यसका अरु नेपालका अन्य स्थानीय र प्रदेश सरकारले स्वभाविक रुपमा जुन खाले हामी अन्तराष्ट्रिय संघ संस्थाहरुको पक्षधर भएको कारण पनि जसरी हामी दिगो विकासका अबधारणाको बारेमा कुरा गरिरहेका छौँ या कार्यक्रमहरु योजनाहरु ल्याउने भनिसकेपछि स्वभाविक रुपले सरकारको बजेटहरु आइरहने बेलामा अल्पकालिन, मध्यकालिन र दीर्घकालिन कार्यक्रमहरु हुने स्वभाविक हुन्छन्। त्यसो भइसकेपछि बजेटमा निरन्तरता भन्ने कुरा मलाई लाग्छ त्यो अनौठो होइन। बजेट ल्याउने क्रममा कुनै पनि सरकारको बजेटहरु आइरहने क्रममा त्यो विगतका कार्यक्रमहरुको निरन्तरता हुन पनि डिलेट हुन मलाई लाग्छ त्यो त्यसबाट छुट पाउन पनि मिल्दैन। त्यतिमात्र होइन यसरी हामी बजेटको निरन्तरता भनिरहँदा र भइरहँने क्रमहरुमा यसले एउटा नयाँ आयामिक र नयाँ के त भन्दा नवीनता ल्याउने सोचहरु पनि थुप्रै कार्यक्रमहरु अहिले यो बजेटमा देखिन्छ। त्यसो हुनाले मलाई लाग्छ गण्डकी प्रदेशका माननीय अर्थमन्त्रीजीलाई हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छु। धैरै मेहनतका साथ धैरै सम्भावनाका कुराहरु र एउटा कन्स्टेन्ट बजेटको हाम्रा श्रोतहरुको साधनहरुको

सिमितता हुँदा अनि मलाई लाग्छ हाम्रो जस्तो सानो अर्थतन्त्र भएको लगभग ३२/३३ खरबको चाहि पूँजी परिचालनको हाम्रो अर्थतन्त्रमा संघीय बजेट १५ खरब वरिपरि भइरहेको बेलामा हाम्रै प्रदेशको कुरा गर्ने हो भने साढे ३ खरब वरिपरिको चाहि सानो खरबको बजेट अर्थतन्त्र भइरहेको बेलामा हुनसक्थ्यो यहाँहरुले भन्नुभए जस्तै मलाई लाग्छ साढे १ खरब जतिको बजेट हाम्रो आवश्यकता होला। मध्यकालिन खर्चमा उहाँहरुले देखाउनुभाछ। गण्डकी प्रदेश सरकारको अर्थ मन्त्रालयबाट निकालेको हाम्रो कार्यक्रममा तर सबै कुरालाई हाम्रा श्रोतहरु र हाम्रा आवश्यताहरु कति चाहि म्याच हुन्छ भन्ने कुरा एउटा पाटो हो। अर्कोतर्फ हामीसँग भएका बजेटहरुका सम्भावनाहरु हामीले पाउने श्रोतहरुको कुराहरु त्यसले पनि हेक्का राख्नुपर्ने कुरा होला। तर कार्यान्वयनको कुरामा त्यत्तिकै महत्त्व होला। त्यसोभएको हुनाले मलाई लाग्छ यो बजेट सानो भए पनि मलाई लाग्छ यसको हिजोको अभ्यासहरुले यसलाई कार्यान्वयन गरेर लगियो भने सबै कुरा जे जस्ता नीति कार्यक्रमहरु छन् र हामीहरुले पूर्वाधार विकासदेखि लिएर कृषिका कुराहरुदेखि लिएर सम्पूर्ण जे जे कुराहरु र अन्ततोगत्वाः ग्रामिण चाहि अर्थतन्त्रलाई माथि उठाएर सुखी र संमृद्धि नेपाल बनाउने क्रमलाई दिशानिर्देश गर्ने क्रममा यसले जोड दिन्छ भन्ने मलाई लाग्छ। त्यसोभएको हुनाले यसले जुन खाले परिलक्षित कार्यक्रम राख्याछ गरिबी चाहि न्यून गर्ने कुरा १४ प्रतिशतबाट झार्ने कुरा त्यस्तै गरेर आर्थिक वृद्धिदरलाई डबल डिजिटमा पुऱ्याउने कुरा त्यस्तै गरेर ग्राहस्थ उत्पादनलाई बढाउने कुरा यी सम्पूर्ण कुराहरुलाई केही न केही आधारहरु पक्कै पनि यहाँहरु थुप्रै बादबिबाद गर्नुभो तर स्वभाविक रुपले के साँचो र यथार्थ कुरा हो भने हामी साँच्चै नै भर्खर नयाँ अभ्यासमा छौं। उमेर हदबन्दी या यी यस्ता कुराहरु होलान् तर सरकारको केही न केही समयको निर्धारणको कुरालाई त्यसको छुट चाहि पक्कै पनि पाउनुपर्छ भन्छन् मलाई प्राकृतिक न्यायको सिद्धान्त हो भन्ने मलाई लाग्छ। त्यसो भएको हुनाले ती कुराहरुलाई आधार मान्ने हो भने पक्कै पनि यसले केही नयाँ कुराहरु र केही आधारहरु स्थापना गर्ने क्रममा यो बजेटले चाहि निर्देश गऱ्याछ त्यतिमात्र होइन मलाई केही नयाँ चाहि के त भन्दा यसले सैद्धान्तिक रुपले अनि केही नयाँ अभ्यासहरु हामीलाई दिन खोज्याछ जो चाहि भोलिको

लागि सुखद हो भन्ने मलाई लाग्छ। जस्तो चाहि पूजीगत खर्च बढाउने कुरा हामीले थुप्रै प्रदेशका बजेटहरु देख्यौँ। संघीय बजेटको कुरा नै तुलना हेर्ने हो भने चालू कुरा र पूजीगत खर्चको कुरा गर्ने हो भने मलाई लाग्छ  लगभग लभभग दुई तिहाइको हाराहारीमा हामीहरु यो प्रदेशले बजेट ल्याएको छ शायद अरु प्रदेशहरुमा त्यस्तो देखिँदैन। त्यतिमात्र होइन त्यही क्रममा जसरी यो पूँजीगत खर्च दुई तिहाइको घेराघेरामा छ त्यही आधारबाट हामीले जे जस्तो प्रदेशको सम्भावनाहरुको निर्धारणले पनि फेरिमा विकासको मुख्य आधार भनेको पूर्वाधार र पूर्वाधारको पनि अझ पूर्वाधार पनि अझ पूर्वाधार भनेको सडक, पुलहरु भएकोमा त्यसलाई लगभग लगभग ४५ परसेन्ट बजेट बिनियोजन गरेर ग्रामिण दूरदराजका सडकहरु वडागत कुराहरु होलान् झोलुङ्गे पुलका कुराहरु होलान् खानेपानी स्वास्थ्यका कुराहरु होलान् यी सम्पूर्ण कुराहरु के त भन्दा ग्रामिण भेगमा जाने क्रममा प्राथमिकताका साथ त्यसरी गइरहेको हुनाले पनि मलाई लाग्छ हुन त हाम्रो गण्डकी प्रदेशको जनसंख्याको ५९ प्रतिशत शहरमा बस्छ भन्छ स्थितिपत्रले तर त्यो भूगोलको हिसाबले त्यस्तो देखिदैन। बजारमा बस्ने जनसंख्या दूरदराजबाट माइग्रेट भएर आएका छन् र अब यो सम्मान विकासले के त भन्दा बिस्तारै गाउँतिर जाने अब हामी सहरमा सुन्छौँ यहाँहरुले पनि सुन्नुभयो होला। मान्छे जति सबै बजारमा केन्द्रित भए तर बजेट र विकास अहिले बिस्तारै गाउँमा गइरहेको छ। संघीयता आएपछिको कुरा त्यसोभएको हुनाले यो चाहि बजार केन्द्रित भयो यो बजेट भन्दा पनि यहाँ थुप्रै शीर्षकहरुमा चाहे त्यो कृषिको कुरा गर्नुहोस् सडकको कुरा गर्नुहोस् या चाहि खानेपानीको कुरा गर्नुहोस् स्वास्थ्यकै कुरा गर्नुहोस् शिक्षा सामुदायिक विद्‌यालयका कुरा गर्नुहोस् सबै क्षेत्रहरु चाहि बजारमा नभई गाउँतिर केन्द्रित भइरहेर गएको देखिन्छ। यही मानेमा मलाई अझ एकदमै मातृभाषादेखि लिएर अहिले नयाँ कुराहरु अनि जसरी हामी बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक त्यसलाई पनि सम्बोधन गर्ने चर्चदेखि लिएर मस्जिददेखि, गुम्बाका कुराहरु सुशासनका कुराहरुलाई यसलाई प्रविधिमैत्री बनाउने कुरा अझ के त भन्दा त्यस्तै कुरा  त्यतिमात्र होइन अर्को एकदमै राम्रो मलाई छोएको कुरा के छ भन्दाखेरि पर्यटन ग्रामिण पर्यटनलाई प्रवर्धन गर्न अनि त्यस्तै गरेर यो चाहि मैले जे जस्तो किसिमबाट हामी

आन्तरिक पर्यटन वर्ष मनाइरहेको बेलामा अनि हाम्रो कर्मचारी साथीहरुलाई यसरी जसरी प्राइभेट कम्पनीहरुले फोर्स लिभको व्यवस्था गऱ्याछ त्यही आधारबाटबाट त्यसरी व्यबस्थापन गरेर गाउँमा पठाउने कुरा उनीहरुलाई बिदाको तलब दिने कुरा ज्यादै न महत्त्वपूर्ण छ। यसले थुप्रै आयामहरु बजारको पूँजी गाउँमा जाने कुरा एउटा कुरा पूँजी परिचालन गाउँमा गएर गर्ने कुरा कर्मचारीहरुले गाउँका अवस्थाहरु बुझ्ने कुरा त्यहाँको रहन सहन संस्कृतिसँग जान्ने कुरा त्यसपछि त्यो फिडब्याक ल्याएर सरकारलाई पनि सम्बोधन गर्ने कुरा उनीहरु आफ्नै कार्यक्षमता बृद्धि गर्ने कुरा कामले व्यस्त भएर एउटा मोनोटनस भएको बेलामा रिफ्रेस गरेर आफ्नो मौलिक श्रृजनाहरु गर्ने  यी यस्ता कुराहरु धेरै महत्त्वपूर्ण कुराहरु छन् जो चाहि के त भन्दा यो चाहि बजेटमा बुँदागत रुपले मलाई लाग्छ यो छोटो १० मिनेटको समयमा धेरै साथीहरुले धेरै ठाउँहरुबाट ब्यक्त गर्नुभाछ। अनि त्यतिमात्रै यति भनिरहँदाखेरि मलाई एउटा लागेको जिल्लाको कुरा थुप्रै चाहि तटबन्धनमा यो स्याङ्गजाको आँधीखोलाको वरिपरिको कुरा छुट्यारछन्। त्यो चाहि अर्कोतर्फ एउटा हेक्का राख्नुपर्ने कुरा म एकदम बिनम्रतापूर्वक सभामुखसँग एउटा दृष्टता गर्ने अनुरोध गरेँ। जसरी अहिले हामी सम्पूर्ण कुराहरु संघीयतालाई संस्थागत गर्ने कुरा, संवृद्धि हासिल गर्ने कुरा, जनतालाई के त भन्दा आत्मनिर्भर बनाउने यी सबै कुराहरु भनिरहने बेलामा हाम्रै यो संघीयता आउन पनि के त भन्दाफेरि यो प्रदेशको कारणले पनि गारो हुने रहेछ। तपाई हामी सबैले के त भन्दा व्यक्तिगत बिबरण भर्ने भनेर एउटा फाइल दिएको थियो प्रत्येकको चाहि पिजन होलमा त्यहाँ अहिले सम्म के त भन्दा संघीयता आएको रहेनछ। त्यो हिजोकै कुरामा के त भन्दा स्थानीय निकायको गा.वि.स र नगरपालिका राख्यारैछ। भनेपछि यस्ता कुराहरु अर्कोतर्फ मलाई एउटा सम्झना के पनि त लाग्छ भन्दाखेरि मुख्यमन्त्रीज्यूको चाहि हामीलाई एउटा नयाँ वर्षको सूचना आयो त्यो त मानननीय सभामुख ( समय सकियो माननीयज्यू) तल बुलेट रेल चढेर त्यसपछि बोइङ्ग चढेर बल्ल यहाँ पिजन होलमा आउँदो रहेछ  हुलाकमा स्टाम्प लागेर अनि प्रविधिमैत्रीका कुराहरु, सुशासनका कुराहरु, पारदर्शीताका कुराहरु, कार्यक्षमता बिस्तारका कुराहरु, विकासका कुराहरु, सुशासनका कुराहरु( समय सकियो माननीयज्यू) क्षमता वृद्धि यस्ता

कुराहरु गरिरहने बेलामा यो कुरा हेक्का राखियो भने पक्कै पनि के त भने बजेटले उपलब्धि लक्ष्य र हामी चाहि सम्पूर्ण प्रदेशबासीहरु सुखी हुनेछौँ । धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय जनकलाल श्रेष्ठ

माननीय सभामुख महोदय, २०७६ साल असार १ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङज्यूले आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्यय अनुमान आर्थिक विधेयकमा हामी छलफल गरिरहेका छौँ। यहाँ मलाई आफ्नै हिसावले आफ्नै तरिकाले केही भन्न मन लाग्यो किनभने म यो आर्थिक अनुमानको छलफलमा म यो १५/१६ सालतिरको कुरा याद आयो। म विद्यार्थी  अवस्था हुँदाखेरि मेरा श्रदेय गुरु हुनुहुन्थ्यो अहिले उहाँ त हुनुहुन्न ईश्वरीप्रसाद आचार्य उहाँ शास्त्री पढ्नुभएको थियो। उहाँले बामपन्थी हुनुपर्छ भन्ने हिसावमा एउटा कविता मलाई सुनाउनुभएको थियो त्यो कण्ठ बनाउने प्रयत्न गर्नुहुन्थ्यो। अहिले ठ्याक्कै यो कुरा यहाँ मलाई सम्झना आयो। त्यो श्रदेय गुरुलाई सम्मान सम्झदै यहाँ यो ४ लाइनको कविता वाचन गर्ने अनुमति चाहन्छु। सारा मानिसको यथार्थ छ जसमा, इन्साफ राम्रो हुने, भोको कोही नभए गरिब सबले, शिक्षा सहित पाउने, घरघरमा बिजुली र पानी, डाँडाभरि मोटर दौडने, यही हो कि जनबाद क्या हो, हामी सबले जोडै गरि ल्याउने। यो शिक्षा उहाँले हामीलाई दिनुहुन्थ्यो। जहिले पनि मलाई के अनुभूति थियो भने यो  के हो त भन्ने कुरा रहिरहन्थ्यो। आज यो गरिमामय ठाउँमा गण्डकी प्रदेशको सदस्यको हैसियतले यी जुन लक्ष्य लिएको थियो त्यो लक्ष्य परिपूर्ति गर्नको निमित्त यो बजेटले यहाँ समायोजन गरिएको छ यसकारण मलाई खुसी लागेको छ। एउटा सदस्यको हैसियतले यो हाउसमा यो गरिमामय हाउसमा केही कुरा राख्न पाएको छु। त्यो गुरुको चाहना यो देशलाई कसरी अगाडि बढाउने भनेर जुन लक्ष्य लिएर हामी साना साना विद्यार्थीहरुलाई त्यो कला दिनुभएको थियो त्यो अहिले आएर ठ्याक्कै छ। यो हाम्रो डाँडा हुन त साथीहरुले भन्नुभएको छ विकास नगर्न अझै कतिसम्म भने साथीहरु मेरै

चुनाव क्षेत्रमा जानुहुन्छ भने १/१ घण्टा मान्छेले ढाकनमा गाग्री राखेर पानी बोकिरहेको छ।जसले तपाईको अदुवाको भारी बोकेर सोठको भारी बोकेर ३/३ घण्टामा अरुण खोला झरेको छ। त्यहाँ अझै बाटो गएको छैन। पानीको धारा छैन सुकेर गएको छ पानी छैन। जब सम्म बाटो जाँदैन जबसम्म बिजुली जाँदैन त्यहाँका जनता र त्यहाँका किसानले सुख पाउँदैन। यसर्थ यो बजेटले के लेखेको छ भने उज्यालो प्रदेश भनिएको छ त्यहाँ बिद्युत जानै पर्ने हुन्छ। एक घर एक धारा भनिएको छ। त्यो हुनैपर्ने हुन्छ। यसकारण यो १५/१६ सालमा लेखिएको कविता आज साक्षरता भएर आइरहेको छ। हामी यसरी अगाडि बढिरहेका छौँ। त्यो बेलामा शिक्षा नपाएका मानिसहरुलाई अहिले पनि भन्नुहुन्छ भने डाँडातिर विद्यार्थीहरु पढ्न नसकेर हामीले भने अनुसारको शिक्षा दिन नसक्ने स्थिति श्रृजना भएको छ। राम्रो शिक्षा प्रयत्न नहुँदाखेरि डाँडाबाट तलतिर झरेर चाहि बुढाबुढीहरु त्यो डाँडामा बस्ने उहाँहरु छोराछोरी लिएर तलतिर झर्ने किन आएको भन्दा बोर्डिङ्ग पढाउन आएको भन्ने वातावरण साच्चै त्यो शिक्षाले जुन चाहना अनुसार त्यो कार्य गर्नुपर्ने थियो त्यो चाहि कार्य भएको छैन। यी सबै कुरा यो बजेटले समेट्न खोजेको छ। मान्छेहरु डाँडाबाट तल किन झर्छ भन्दा सहुलियत खोज्न गएको हुन्छ। अब यो बजेटले डाँडामा पनि केही गर्नुपर्छ क्याम्पहरु अगाडि लानुपर्छ भन्ने कुरा यसलाई मध्यनजर राखेको छ। यसर्थ म भन्छु हामी अस्तिदेखि यो छलफलमा बसेका छौँ। हाम्रा माननीय सांसदहरुले सबैले आफ्नो कुरा प्रस्तुत गरिसक्नुभएको छ। अब धैरै नबोलिकन यो के भन्दाखेरि यो कविताको सारले एकदमै कुरा दिएको छ यसको आधारमा काम गर्न पऱ्यो भने हामी सुखी नेपाली समृद्ध नेपाल हुन्छ भन्ने कुरा यहाँ प्रष्ट देखिन्छ। अब मैले अरु केही भन्नु छैन अलिकता मैले नीति तथा कार्यक्रममा भनेको थिएँ। जनताको आवश्कता सम्बन्धी कुरामा के आउनुपर्छ भनेर अर्को कुरा तपाई के भन्दाखेरि यो त्रिवेणीलाई हेर्ने दृष्टिकोण भिन्नै त्रिवेणी गाउँपालिकाको वडा नं ६ र ७ भनेको ठ्याक्कै तपाईको तिन विसको चाइना परेको हुन्छ। त्यसलाई अलि ओझेलमा पारेको हो कि भन्ने मलाई लागेको छ यसकारण त्यहाँ सम्बन्धित कुरा भन्छार एउटा सानो भवनमा बसेको छ। त्यो भवन बनेको छैन। सानो पुरानो भवन छ। त्यो भवन चाहि भत्किएको छ। त्यहाँ त्यसरी गितावारको निमित्त

स्वास्थ्य शाखा छ त्यसको उन्नति प्रगित गर्नको निमित्त त्यहाँ उन्नत गराउनको निमित्त त्यहाँ पनि बजेट गर्नुपर्ने हुन्छ। त्यहाँ पनि प्रदेशबाट हामीसँग आएर गण्डकी प्रदेशमा जोडिएको छ र त्यहाँको सबै साथीहरुले के भन्नुहुन्छ भने हामीलाई एकदम अप्ठ्यारो भयो त्रिवेणीबाट आउँदा बर्दघाटबाट आउनुपर्ने दुम्कीबास अनि त्यसपछि जिल्लामा आउनुपर्दा क्रस गरेर आउनुपर्ने बरु ती भन्दा के भन्छ भनेर ती गुनासाहरु पनि आइरहेको छ र त्यहाँ के भन्दाखेरि खानेपानीको समस्या र सिचाईको समस्या त्यहाँ छ र पर्यटन सम्बन्धी कुरा भन्ने हो भने त बाल्मारिदेखि वारिपारि यदि धार्मिक दृष्टिमा हेर्ने हो भने त्रिवेणी एउटा धार्मिक दृक्ष्टिकोणले महत्त्वपूर्ण ठाउँ हो। यसको निमित्त पनि केही हामीले त्यहाँ हेर्नुपर्छ झै लाग्ने गरी। यति भन्दै यो जुन मेरो श्रद्ये गुरुले दिनुभएको कविता मैले वाचन गरेँ। यदि केही मात्र कुरा गर्ने हो भने कुरा राख्दै मैले यो जुन बक्तब्य आएको छ यो सारै राम्रो र कार्यान्वयनका निमित्त अगाडि बढ्ने प्रयत्न गरोस् भन्ने शुभकामना दिँदै म बिदा हुन्छु हस् धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री मीना गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मीना गुरुङ्ग

माननीय सभामुखज्यू, नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त नेपाल सरकारको समष्टिगत आर्थिक नीति र दीर्घकालिन सोचबाट निर्देशित हुँदै प्रदेश नीति तथा योजना आयोगको आवधिक योजना र मध्यकालिन खर्च संरचनाका आधारमा असार १ गतेका दिन माननीय आर्थिक मन्त्री किरण गुरुङ्गज्यूले प्रस्तुत गर्नुभएको बजेट वक्ततब्यलाई म समर्थन गर्दै हार्दिक स्वागत सम्मान व्यक्त गर्न चाहन्छु। माननीय सभामुखज्यू, संमृद्ध प्रदेश र सुखी नागरिकको उद्धेश्य प्राप्तिका लागि आएको यो बजेटले निर्दिष्ट सरकारको लक्ष्यलाई सफल पार्न सक्दछ। ३२ अरब १३ करोड ४७ लाख ९२ हजारको बजेटमा मैले सकारात्मक भावना र जनताहरुको सपना जोडिएको पाएको छु। बजेटका कमजोर पक्षप्रति कटाक्ष भाषाहरु श्रवण गरिरहँदा मलाई अचम्म लागेको छ। किन हाम्रो समाज दिन प्रतिदिन अगाडि गर्नुपर्ने कुनै पनि काम पछाडि गर्न चाहन्छ यो

प्रश्न म सोधिरहेको छु आफैसित। सम्पूर्ण सरोकारवाला दलका नेताहरु, माननीयज्यूहरुसितको गहन छलफल, सुझाव सङ्कलनको माध्यमबाट आएको बजेट बक्तव्य मात्र मन्त्रीज्यूलाई दोष दिइरहन मिल्दैन। माननीय सभामुखज्यू, गत वर्षको बजेट योजनामा पनि हामी कति सक्रिय भयौँ त एकपल्ट यो पनि आत्मआलोचना गर्न जरुरी छ। पहिलो प्रश्न आफैमाथि उठाउन जरुरी छ। पाकेको बेल खान नसक्ने आफ्नै कमजोरी हो भन्ने म ठान्दछु। माननीय सभामुखज्यू, समाजमा विद्यमान सबै प्रकारका विभेद, बहिष्करण, उत्पीडन, बञ्चितीकरण र असमानताको अन्त्य गर्न बजेट स्पष्ट रुपमा आएको छ। अब यसका कार्यविधि सही ढङ्गले बनाउनु अपरिहार्य रहेको मैले देखेको छु। सबै उद्धेश्य एकैचोटि साकार हुन पक्कै पनि सक्दैन। यस्तै उचित समयको उचित सरसल्लाह सुझावले मात्र हामी गन्तव्यमा पुग्न सक्छौँ। सिद्धान्त र प्राथमिकता नीति र कार्यक्रमको हरेक चरणमा छलफल गरेर बनाइएको यो बजेटलाई कसरी प्रभावकारी बनाउन सकिन्छ यो छलफल आजको आवश्यकता हो। यो बजेट मन्त्रालयको प्रगति प्रतिवेदनमा टेकेर बनेको छ। त्यसैले यो बजेटभित्रका कमजोर पक्ष भन्दा सबल पक्ष हेर्न म अनुरोध गर्दछु। बजेटलाई बुँदागत बजेटमा बुँदागत रुपमा आएका विषयहरुमा सबैले बोलिसक्नुभएको छ माननीयज्यूहरुले भने स्वयं मन्त्रीज्यूले पनि यसमा जुन आफ्नो प्रस्तुति राखिसक्नुभएको हुँदा म यसलाई हुबहु पढ्न भने चाहँदिनँ तर हामी सबै प्रदेशका सांसद जनप्रतिनिधि, नागरिक समाज, बुद्धिजिबी नेताहरुको ऐक्यबद्धता भयो भने यो दोश्रो वर्षको सिर्जनशील बजेटलाई पूर्णरुपमा कार्यान्वयन हामीले गराउन सक्छौँ भन्ने कुरामा म विश्वस्त रहेको छु। माननीय सभामुखज्यू, बजेटले पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार सिर्जनशील मानव पूँजी निर्माणमा उत्पादन र उत्पादकत्त्वमा वृद्धि, विकास, सुशासन जस्ता प्रदेशबासीको हितमा बोलेको छ। संघीयताको मर्म र भावना अनुरुप स्थानीय तहबिच सेवा प्रवाह र विकास आयोजनामा सह-लगानी गर्ने नीति पनि यसले ल्याएको छ। नीति ज्यादै नै प्रबल छ ज्यादै नै सुन्दर छ। प्रदेशको सर्वाङ्गगीण विकासमा यो बजेटबाट समाजवाद उन्मुख हाम्रो जुन विधिवत अगाडि बढ्ने हाम्रो उद्धेश्यलाई यसले साकार बनाउनमा यसले सशक्त रुपमा आएको मलाई महसुस भएको छ। दूर दराजका

गरिब जनताहरुप्रति पनि यो बजेटले न्याय गरेको छ। युवा, महिलालाई बजेटले सम्बोधन गरेन भनेको सुन्दा मलाई लाग्यो हामीले उल्लेखित बुँदाहरुमा लेखिएका विषयहरु पढ्दा ध्यान कतै पुऱ्यायौँ कि र राम्ररी पढौँ अनि बुझौँ खोजौँ अनि योजनामा परिणत गरौँ। हाम्रो उद्यमशिलतामा अहिले हाम्रो सरकारले राखेको योजना र बजेट नीति कार्यक्रमलाई हामीले आफैले कसरी साकार गर्ने भन्ने कुरामा हाम्रो पनि उत्तरदायित्व भएको कुरा पनि म यहाँनेर विशेष अनुरोध गर्न चाहन्छु। अझ यसलाई बैज्ञानिक बनाउनको लागि प्रभावकारी बनाउनको लागि अब कार्यान्वयन पक्षमा आउने चुनौतीहरुसँग सामना गर्नको लागि तपाई हामी सबैको ऐक्यबद्धता असाध्यै अपरिहार्य रहेको कुरामा पनि म विशेष अनुरोध गर्न चाहन्छु। शब्दजालभित्र धेरै खेलिरहनु भन्दा पनि अब हामीले कार्यक्षेत्रमा आफ्नो जिम्मेवारी महसुस गर्ने बेला आएको पनि म विशेष आप्नो बिचार यहाँहरुलाई राख्न चाहन्छु र अहिले विशेष गरेर यो मलाई एकदमै छोएको धेरै विषयहरु मध्ये खाद्यानमा जुन ५ वर्षभित्र आत्मनिर्भर बनाउने विषय, उज्यालो प्रदेश जस्ता विषयहरुले अस्ति भर्खर पनि हाम्रो पूर्व माननीयज्यूहरुले राख्नुभएको कुरामा पनि अत्यन्तै प्रभावित भएको छु र एउटा सुझावको रुपमा भन्न चाहन्छु अहिले जसरी यो बजेटलाई हामीले जुन ल्याइसकेपछिका यी विभिन्न किसिमका टिकाटिप्पणीहरु आएको छ भोलि कार्यान्वयनमा पनि धेरै त्यस्ता अप्ठ्यारा नपर्ला भन्न सक्दैन त्यसैले कार्यान्वयन पाटोलाई सफल गर्नको लागि हामी सबै जना विशेष गरेर सरकार पक्षको दृढ संकल्प र ऐक्यबद्धतामा म फेरि पनि विशेष जोड दिन चाहन्छु।त्यसैले हाम्रो यो लैङ्गिक उत्तरदायी बजेट पनि छ। यसमा महिलालाई पनि अनि सम्पूर्ण हामीले कसैलाई छोड्यौँ कि भनेर शैका भैरहेका विषयहरुलाई हामीले राम्ररी केलाएर हेर्ने हो भने कतै पनि नछोडेको कुरामा नछुटेको कुरामा फेरि यहाँहरुलाई अनुरोध गर्दै यो बजेटप्रति मेरो व्यक्तिगत रुपमा समर्थन छ र मेरो दलको पनि समर्थन रहेको यहाँलाई जानकारी गराउँदै म बिदा हुन्छु हस्त धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय धनञ्जय दवाडी

सभामुख महोदय, आर्थिक वर्ष २०७६/२०७७ को बजेट आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्गद्वारा प्रस्तुत भएको बजेटको छलफलका क्रममा छौँ। यो प्रदेश सरकार गठन भइसकेपछिको तेश्रो बजेट चौथो अधिवेशनका सन्दर्भमा हामी अलि छलफलका विचमा बसिरहेका छौँ। बजेटको प्राथमिकता निर्धारण सँगै बजेटले व्यवस्थापकिय संस्थागत सिपसँग गाँसिएका क्षमता सम्बन्धी सिप सिमालाई पनि ध्यान दिनुपर्दछ त्यसकै आधारमा यो बजेट आएको छ। योजनाहरुको कार्यान्वयनमा स्थानीय सरकारको भूमिका प्रभावकारी हुन्छ। विशेष गरेर सेवाका क्षेत्रहरुमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, स्वस्थ, स्वच्छ पिउने पानी, आपूर्तिको व्यवस्था, सरसफाई र कृषिका आधारभूत पूर्वाधारहरु छन्। ती आधारभूत पूर्वाधारहरु पूरा गर्नका लागि स्थानीय सरकारको भूमिका प्रभाबलशाली हुन्छन् र बजेटले त्यसमा सहकार्य खोज्छ र बजेटले त्यही सहकार्य गर्छ। एउटा सबल प्रदेश निर्माणका निमित्त चाहि निर्माणका लागि बजेट बलियो स्तम्भ हो वा बलियो आधार हो। यो राजनैतिक दस्तावेज हो। बर्तमानको तस्बिर हो र भविष्यको मार्गदर्शन हो। बजेटबाट हामीले यी सबै चिजहरु प्राप्त गर्छौं। यसो गर्दा आम्दानी, खर्च, बचत र पूँजी निर्माण अर्थात् सोको भुक्तानीको बिचको तारतम्य मिलाएर हामीले जीवनस्तर सुधार्नुपर्ने हाम्रो दायित्त्व छ। हाम्रो जिम्मेबारी छ र यो समयका विचमा हामीले आफ्नो समाजलाई आफ्नो प्रदेशलाई आफ्नो मुलुकलाई रुपान्तरण गर्नु छ। यो रुपान्तरण गर्नका निमित्त सबैका साझा दस्ताबेजका हिसाबले हामीले दिगो विकास लक्ष्य लिएका छौँ जुन हामीले २०३० सम्म पूरा गर्नुपर्छ त्यहाँबाट भाग्न सकिन्न। त्यो दिगो विकास लक्ष्यमा पुग्नका लागि प्रवेश गर्नका लागि प्राप्त गर्नका लागि त्यो सत्तापक्ष वा प्रतिपक्ष विचको बिबादको विषय होइन। त्यो साझा दस्तावेज हो। मलुकको रुपान्तरण, मलुकको संवृद्धि प्राप्त गर्नका लागि। मुलुकको विकास र संवृद्धि प्राप्त गर्नलाई जब हामीले मुलुकको दिगो विकासको लक्ष्यलाई अगाडि राखेका छौँ भने यो बजेटले दिगो विकास र लक्ष्यले अगाडि सारेका लक्ष्यहरुलाई आत्मसाथ गरेको  छ। त्यो आत्मसाथ गरिसकेपछि यसले सबैभन्दा अगाडि सारेका कुरा चाहि

गरिबीको अन्त्य हो। बहुआयामिक गरिबीलाई अन्त्य गर्छौं , खाद्यानमा आत्मनिर्भर गर्छौं, आयातको प्रतिस्थापन गर्छौं, खाद्य सुरक्षाको व्यवस्थापन गर्‍छौं जस्तो कुरा बजेटले आफ्नो अगाडि सारेको छ तर बजेटमा छलफल गरिँदा पुग्ने वा नपुग्ने, धेरै वा थोरैका कुरामा हामी अल्झिने गर्‍छौं तर एउटा सानो प्रदेश उसको आम्दानीको श्रोत सानो र सानो खाकाको बजेट निर्माण गर्दा बजेटले लिएको क्षेत्र बजेटले ओगटेको क्षेत्र उसको योजना र प्राथमिकता चाहि सही ढङ्गले आए कि आएनन् भन्ने विषयमा शायद हामीले छलफल गर्नु मनासिव हुन्छ उपयुक्त हुन्छ। त्यसो गर्न सकियो भने आगामी दिनमा बजेटको बढोत्तरीका साथसाथै त्यसको दिगोपनमा पनि हाम्रो ध्यान पुग्ने गर्छ। दिगोपनमा ध्यान दिएनौं भने बजेटको व्यवस्थापनले मात्रै बजेट व्यवस्थित गरेर मात्र हुँदोरहेनछ अर्थात् खर्च गर्न सकेनौं भने पूँजीको निर्माण हुँदोरहेनछ भन्ने कुराको अनुभव चाहि अघिल्लो बजेटबाट हामीले प्राप्त गरेकै छौं। त्यो सबैको साझा चिन्ता साझा चासोको विषय हो यसकारणले खाद्य सुरक्षालाई प्रत्याभूत गर्ने गरेर यो बजेटले आफूलाई अगाडि ल्याएको छ। बजेटले आफूलाई प्राथमिकतामा राखेको छ। उत्पादन र उत्पादकत्त्व वृद्धि गर्छु भनेर भनेको छ। उत्थानशील कृषि क्रियाकलापहरुलाई जोड दिएको छ। उत्थानशील कृषि क्रियाकलापहरु सञ्चालन गर्ने गरी जोड दिएपछि हाईटेक नर्सरी बनाउँछु, चक्लाबन्दी गर्छु, करार खेती गर्ने व्यवस्था गर्छु, विषादी परीक्षणको प्रयोगशाला निर्माण गर्छु, मौसमी र बेमौसमी खेती प्रणालीलाई जगेर्ना गर्छु त्यसको लागि चाहि खाद्य भण्डार निर्माण गर्छु र त्यसमा लगानी गर्छु भनेर बजेटले जुन खालको प्रतिबद्धता व्यक्त गरेको छ। यो नै जनमैत्री बजेट हो। यो द्रुत परीक्षणको विषादी परीक्षणको सम्बन्धमा माननीयज्यूहरुले धेरै प्रश्न उठाउनुभएको छ। म पनि आफ्नो तर्क राख्न चाहन्छु। यदि हामीले अन्य प्रदेश र अन्य मुलुकबाट आउने विषादी जडित खाद्यानलाई परीक्षण गरेनौं त्यो धेरै विषादी भएको कुरालाई रोकेनौं भने यो मुलुकमा यो प्रदेशमा त्यो खाद्यान उपभोग गरेर, तरकारी उपभोग गरेर, असाध्यै रोगबाट ग्रसित भएपछि राज्यको प्रदेशको लगानी सभन्दा बेशी त्यो क्षेत्रमा उपचार गर्दा बेशी हुन्छ। धेरै ठुलो भोलुममा खर्च हुन्छ। यो काम छिटो गरिनुपर्थ्यो अझै प्रभावकारी ढङ्गले गरिनुपर्दथ्यो भन्ने ठान्दछु मलाई त्यस्तो

लाग्दछ। कि प्रदेशका जनतालाई हामीले जैविक खाद्यान उत्पादन गर्न प्रेरित गर्ने हो र त्यसको बाहिर बेच्न भोलुम चाहि ठुलो संख्यामा हामीसँग आइपुग्छ। यसकारणले अहिले हामीले ध्यान दिनुपर्ने चाहि कृषि क्षेत्रको लागत घटाउने कृषि क्षेत्रमा भइरहेको लागत घटाउने र उत्पादकत्त्व बढाउने कुरामा बजेटले चाहि त्यो काम गर्छु भनेर भनिसकेपछि यो सबभन्दा धेरै ठुलो उपलब्धिको कुरा हो। छिमेकी मुलुकबाट यो कुरा सिक्न सक्छौँ। थाइल्यान्डले, भारत वा चिनले धानको उत्पादनमा जति लागत कम गर्ने उत्पादन त्यति ढङ्गले वृद्धि गरेका छन् । त्यहाँबाट हामी सिक्न सक्छौँ। त्यही हुबहु लागू गर्न सक्दनौँ। हाम्रो भूगोलले, हाम्रो परिणामले, हाम्रो परिस्थितिले तर हामी त्यहाँबाट सिक्न सक्छौँ त्यो सिकेर हामीले धेरै चिज प्राप्त सक्छौँ भन्ने लाग्छ। स्वास्थ्य मान्छेको जीवनको अर्को महत्त्वपूर्ण पाटो हो। असाध्यै रोगहरुका कारणले आज धेरै पैसा त्यो क्षेत्रमा खर्च भएको छ। त्यसकारणले स्वास्थ्यको बिमाको निमित्त, खोप कोषका निमित्त, मृगौला डायलासिस सेन्टर निर्माण गर्ने कुरामा, महिला तथा बाल अस्पताल निर्माण गर्ने कुरामा, जिल्लामा अस्पताल निर्माण गर्ने कुरामा, शिविरहरु सञ्चालन गर्ने कुरामा सर्बोत्तम उपचार गर्छु गर्नका लागि बजेट ब्यवस्थापन गरिने कुराले यो बजेट जनमैत्री जनताको पक्षमा जनताको हितमा रहेको कुरा पुष्टि हुन्छ त्यसकारणले हामीले के कुरा ध्यान दिनुपर्दछ भने बजेटले कतातिर यो चाहि निश्चित गरिरहेको छ। सामान्य उपचार नपाइरहेका हामी म त्यस्तो निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधि हो जहाँको जनताको सपना धेरै ठूलो छैन साना साना सपना छन्। साना साना सपना भनेको बिरामी पर्दा औषधी खाने हो उसले निशुल्क उपचार पाउनुपर्छ। बिरामी भएर एम्बुलेन्स चढेर शहरमा सम्म उपचार गर्न सकेन भने के कामका निमित्त बजेटले फोकस गरेका कारणले यो बजेट खासैमा जनउत्तरदायित्त्वमुखी बजेट हो भन्ने ठान्दछु। बजेटले समावेशी र गुणात्मक शिक्षामा जोड दिएको छ। बजेटले के भन्छ भने स्वस्थ जीवनका लागि गुणस्तरीय शिक्षा र विकास साध्यहरु मात्र नभएर उत्पादमूलक अर्थतन्त्र र नागरिकको सक्षमता विकास गर्ने केन्द्रबिन्दुमा राख्ने साधन हुन्। यसकारणले संमृद्ध प्रदेश बनाउनका लागि अति राम्रो आर्थिक रुपले व्यहोर्न सकिने बाल्यकालदेखि

विश्वविद्यालय तहसम्मको शिक्षा प्रणाली जरुरी हुन्छ। त्यो बालशिक्षादेखि विश्वविद्यालय यसका निमित्त चाहि बजेटले के भन्छ भन्दा बजेटले लगानी गरेर लगानी गर्ने क्षेत्र चाहि विज्ञान र प्रविधिका लागि अनुसन्धान र व्यवसायिक शिक्षाका लागि लगानी गर्नका लागि पहिलो व्यवस्थापन गऱ्याछ। बजेटले जोड गऱ्या छ। बजेटले गण्डकी प्राविधिक प्रतिष्ठान निर्माण गर्छु भन्याछ। गण्डकी विश्वविद्यालय निर्माण गर्छु भन्याछ। बालविकास केन्द्रको स्तरोन्नति गर्छु भन्छ। सामुदायिक विद्यालयको रुपान्तरण जस्ता क्षेत्रमा विनियोजन गरेर दिगो विकासको बाटोमा अग्रसर छ। यसकारणले सभामुख महोदय, यो बजेट शिक्षाका निमित्त शिक्षा विकासका निमित्त जोड दिएर आएको छ। यदि हामीले यो मुलुकलाई यो प्रदेशलाई संमृद्ध बनाउने हो भने हामीले प्राविधिक सिपयुक्त दक्ष नागरिक उत्पादन गर्नपऱ्यो। त्यसका लागि त हाम्रा विद्यालय चाहिए। हाम्रा विद्यालयहरुमा प्राविधिक ज्ञानले भरिपूर्ण नागरिक उत्पादन गर्न पऱ्यो। त्यो क्षेत्रमा चाहि लगानी बढाउन पऱ्यो भनेर बजेटले भन्ने कुरा बजेट छरिएको हुँदैन। बजेट बितरणमुखी हुँदैन यो उत्पादनमुखी र उत्पादनमा लक्षित छ भन्ने कुरा चाहि ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ। बजेट चाहि लैङ्गिक उत्तरदायित्व व्यहोरेको बजेट छ। लैङ्गिक उत्तरदायित्व व्यहोरेर आएको बजेटका कारणले केही कुरा उल्लेख गरी आएको छ। हिंसाबाट प्रताडितहरुका लागि पुनर्स्थापना केन्द्रमा राख्छु पुनर्स्थापना दिएर समाजमा फेरि पठाउँछु भन्याछ। जोखिमयुक्त बालबालिकाहरुका पुनर्स्थापना केन्द्रमा राख्छु पुनर्स्थापना दिएर त्यहाँबाट फेरि समाजमा स्थापित गर्छु भन्याछ । यो काम गर्नलाई बजेटले आप्नो प्रतिवद्धता जाहेर गरेपछि यो महिलाका पक्षमा बालबालिकाका पक्षमा , हिंसा पिडितहरुका पक्षमा भएको कारणले यो बजेट सुनमाथि सुगन्ध थप्ने गरेर आएको कुरा अनुरोध गर्न चाहन्छु। दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको सबैका लागि खानेपानीलाई यो बजेटले आत्मसाथ गऱ्याछ। एक घर एक धारा बनाउने कुरामा लगानी गर्ने कुरामा र एक घर एक धारा खानेपानी चाहि २ वर्षभित्र पुरा गर्छु भन्ने प्रतिवद्धतासहित यो आएको छ। नीति कार्यक्रमसँग जोडिएर आएको छ। यसकारणले यो बजेट चाहि सबैका निमित्त खानेपानीका

निमित्त लक्षित भएर आएको छ। सुरक्षित खर्चले धान्न सक्ने सर्वव्यापी, न्यायोचित पहुँच, सरसफाई र स्वास्थ्यको स्वस्थ अवस्था श्रृजना गर्न र पानीको बहुपक्षीय उपयोग गर्नका निमित्त परिस्थितिय प्रणालीलाई संरक्षण र पुनर्स्थापना गर्नका लागि त यो बजेट आएको छ। यसले सिमसारको कुरा गर्‍या छ। यसले चाहि जलविद्युत उत्पादनको कुरा गर्‍याछ। यसले सिचाईको कुरा गर्‍या छ। लिफटिङ्गको कुरा गर्‍याछ। धेरै बहुउपयोगमा चाहि खानेपानीमा जाने र लक्षित गरेका कारणले दिगो विकास लक्ष्यसँग जोडिएको बजेट हो भन्ने अनुरोध गर्न चाहन्छु। आगामी ऊर्जाको पहुँचमा पनि यो बजेटले बजेट व्यवस्थापन गरेको छ। उज्यालो प्रदेशको कार्यान्वयन गर्नका लागि २ वर्षभित्र उज्यालो प्रदेश बनाउँछौं भनेर हामीले घोषणा गरेको हो यो प्रदेशलाई। यो २ वर्षभित्र उज्यालो प्रदेश बनाउने जुन प्रतिवद्धताका साथ यो बजेट आएको छ। उज्यालोमा बस्ने गर्वका साथ आउने जुन वातावरण निर्माण गर्‍याछ यसले विद्युतीय ऊर्जाको पहुँचमा पुग्नका लागि सहज छ। यसले आफै गर्छु भन्या छैन। निजी, सरकारी, सार्वजनिक, सामुदायिक क्षेत्रको सहलगानीमा ऊर्जाको उत्पादन, वितरण र व्यवस्थापनमा केन्द्रित हुने गरी यो बजेट आएको छ र बजेटले के भन्छ भने सौर्य ऊर्जा र काठेपुलको प्रतिस्थापन गर्नका निमित्त पनि बजेटले आफ्नो निश्चित बजेट छुट्याएका कारणले गर्दा यो ऊर्जाको आधुनिक पहुँच सम्म पुर्‍याउनका निमित्त सहयोग पुर्‍याउने बजेट हो भनेर ठान्दछु। उत्थानशील पूर्वाधार निर्माणका निमित्त द्रुत मार्ग बनाउँछु ,पोखरामा चक्रपथ बनाउँछु प्रदेश राजधानीबाट जिल्लाको राजधानी गाउँ र नगरपालिकाहरुको राजधानीहरु जोड्छु भन्ने कुराका निमित्त बजेट आइसकेपछि बजेटले चाहि यो उत्थानशील पूर्वधार निर्माणमा बढी जोड दिएको छ त्यसकारणले अघिल्ला वर्ष हामीले प्रारम्भ गरेका राम्रा अभ्यासहरुलाई निरन्तरताका साथ अगाडि आएको छ । निरन्तरताका साथ अगाडि आएको छ र आगामी दिनका निमित्त यसले आफूलाई नयाँ क्षेत्रमा पनि जोडेको छ। नयाँ क्षेत्रमा जोडेर नयाँ कामहरु गर्नका निमित्त यसले आफूलाई अगाडि सारेको छ। बजेटको व्यवस्थापन गरेको छ। लोकसेवा आयोगको कुरा प्रदेश प्रहरी र अनुसन्धान केन्द्रमा बजेटको व्यवस्थापनको कुरा प्रज्ञा प्रतिष्ठान निर्माण र त्यसको

व्यवस्थापनक कुरा, प्रहरी तालिमको कुरा, विपद उद्धार केन्द्रको कुरा, नीति आयोग र अनुगमन र मूल्याङ्कन गर्न दिने कुरा जस्ता कुरा गरेर माननीय सभामुख

( माननीय सदस्य समय सकियो)

यो प्रदेशले प्रदेशको संवृद्धिको आधार तय गर्ने गरी यो बजेट आएका कारणले म यो बजेटलाई समर्थन गर्दै दलको तर्फबाट समर्थन गर्दै बिदा हुन्छु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, असार १ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्री द्वारा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्यको बारेमा छलफलमा छौँ। धेरै माननीयज्यूहरुले आ-आफ्नो धारणा राखिसक्नुभएको छ र विषयहरु विभिन्न कोणबाट विभिन्न तरिकाद्वारा विभिन्न विचारबाट प्रभावित भएर सहकार्य, घोचपेच, तर्क, वितर्क मधुर स्वरमा, चर्को स्वरमा अथवा भनौँ आ -आफ्ना तरिकाबाट ब्याख्या गर्दै आ-आफ्ना धारणाहरु यो सदन समक्ष प्रस्तुत गरिसक्नुभएको छ। विषयहरु धेरै आएका छन्। बाँकी पनि केही छ जस्तो लाग्दैन। धेरै कुरा राख्नुपर्ने पनि केही छैन तैपनि यस सम्मानित सभामा बजेटको बारे छलफल भइरहँदा यो सार्वभौम संसदको एउटा सदस्यको हैसियतले प्रस्तुत बजेट बक्तव्यमाथि केही आफ्ना धारणाहरु राख्न म यो रोष्टममा उपस्थित भएको छु। धेरै कविताहरु सुन्ने अवसर प्राप्त भयो। गीतहरु सुन्ने अवसर प्राप्त भयो। मुक्तकहरु सुन्ने र लेखकका बारेमा पनि जानकारीहरु हासिल गर्ने अवसर पनि प्राप्त भयो। हर बजेटको बेला यो अङ्कमा धेरै छलफल हुनुपर्ने अलि साहित्यतिर धेरै छलफल भएको जस्तो अनुभूति पनि यो सदनमा बसिरहँदा गर्न पाइयो। धेरै विषयहरु राख्नुपर्ने केही छैन। यो बजेटले जे जे कुराहरु समेटेको छ म यहाँ उभिँदै गर्दा यो बजेटको बारेमा कस्तो के बोल्छ यसले भन्ने धेरैलाई मनमनै आफ्ना धारणाहरु परिसकेको छ।

किनकि यो सत्तापक्षको हो र यसले यो बजेटको पक्षमा बोल्छ राम्रा कुराहरुको बारेमा बोल्छ। बोल्ने शैली आ- आफ्ना छन् आजभोलि त अभ्यस्त पनि भैसकियो। ५९ जनाले यहाँ सहभागी सबैले भनौन को को ले कम बोल्नुभएका या नबोल्नुभएका माननीयहरुको त थाहा भएन बाँकी सबैले यो रोष्टममा उभिएर कसरी आफ्ना प्रस्तुतिहरु राख्नुहुन्छ भन्ने कुरा पनि हामी सबैलाई ज्ञान भैसक्यो। त्यसकारणले म यहाँ उभिँदै गर्दा यसले के के कसरी बोल्छ भन्ने कुरा पनि अलि अलि अनुमान सबैलाई भइसकेको सन्दर्भ रहन्छ। जे होस् म त्यतातिर जाँदिन। आगामी आर्थिक वर्षको लागि हाम्रो प्रदेश सरकारले आर्थिक मामिला मन्त्रालयले ३२ अरब १३ करोड ४७ लाख ९२ हजारको बजेट प्रस्तुत गरेको छ। त्यसमा २८ करोड ५७ लाख ७२ हजार पूँजीगत र १९ अरब ८४ करोड ९० लाख २० हजार रुपैया पूजीगततर्फको  यो खर्च छ र हाम्रो  पूजीगत खर्च ६२ परसेन्ट र चालू खर्चमा ३८ परसेन्ट छ। समग्रतामा यो बजेट एउटा राम्रो बजेटको रुपमा हामी सबैले बुझेका छौँ व्याख्या गरेका छौँ। जसले यो बजेट अलि राम्रो भएन कि भनेका छौँ त्यहाँ पनि अलिकति सुधार गर्नुपर्ने कुराहरु मात्र भनिएको हो भन्ने कुरा पनि हामी सुनिरहेका छौँ त्यसकारण समग्रतामा यो बजेटलाई हेर्दा बजेट सिद्धान्त, प्राथमिकताका आधारमा नीति कार्यक्रमका आधारमा मूलतः संविधानको मूल सिद्धान्तका आधारमा समाजबादी अर्थतन्त्र निर्माण गर्ने बेसिक कुराहरुलाई आधार बनाएर नै आएको हो महसुस भएको छ त्यसकारण म यो बजेटलाई एउटा सत्तापक्षको सांसद हुनुको नाताले मात्र होइन एउटा समाजबादी अर्थतन्त्र निर्माण गर्नुपर्छ भन्ने एउटा लामो समयदेखि समाजबादको वकालत गर्दै आएको एउटा योद्धाको हैसियतले पनि यसलाई म समर्थन गर्न चाहन्छु। यो बजेटले हाम्रो समाजबादका आधारहरु तयार गर्न सक्छ कि सक्दैन? मैले अस्ति नीति कार्यक्रममा पनि यो बारे अलिकति कुरा राखेको थिएँ नीति कार्यक्रमको बारेमा। समाजबादको बारेमा अलिकति बहस गर्नुपर्ने बेला आएको छ। किनकि समाजबादको एउटा मेरुदण्ड भनेको अर्थतन्त्र हो। अर्थतन्त्रलाई हामीले समाजबादी बनाउन सक्छौँ कि सक्दैनौँ। समाजबादका आधारहरु खडा गर्न सक्छौँ कि सक्दैनौँ? आज नि समाजबाद यही बजेट कार्यान्वयन हुने बित्तिकै समाजबाद आउँछ अर्को वर्ष त भन्दिनँ तर यसले हाम्रा बेसिक आधारहरु तयार गरेको छ

कि छैन भन्ने कुरा हामीले हेर्नैपर्छ। समाजबाद कसले कहिलेबाट शुरु गऱ्यो ? हुन त हामी कम्युनिष्टहरु जम्मदै समाजबादी भएर जन्मेको हो। कति सालबाट समाजबाद शुरु भयो भन्ने कुराको त यहाँ व्याख्या नगरौँ तर समाजबाद हामीले जे परिकल्पना गर्याछौँ यो समाज विशेष गरी यो समाजको यसकारणले यो संघीयताको कुरा हामीले गऱ्याछौँ। संघीयतामा बजेट कत्रो आयो बजेट ठुलो हुँदा संघीयता बलियो हुन्छ वा सानो हुँदा कमजोर हुन्छ भन्ने पनि म त्यतातिर जाँदिनँ किन राष्ट्र सानो वा ठूलो हुने कुराले राष्ट्र यो देशको राष्टियतासँग त्यसरी असर गर्दैन। ठीक त्यसैगरी हाम्रा बजेटका आफ्ना सिमाहरु छन्। हाम्रा आफ्ना बजेटका सिमाहरु छन्। संघीय सरकारका आफ्ना सिमाहरु छन्। बजेट निर्माँण गर्नुपर्ने सिमाहरु छन्। बजेट कसैको लहडमा वा कसैले चाहेर मात्रै पनि बजेट निर्माण हुँदैन। बजेटका आफ्ना प्राथमिकताका सिद्धान्तहरु छन्। बजेटहरु कुन प्राथमिकताको सिद्धान्तले बनाउने भन्ने पनि त्यसका आ-आफ्ना सिद्धान्तहरु छन् त्यसकारण त्यो सबै सिद्धान्तलाई समात्दै समात्दै समात्दै गर्दा आज ३२ अरबको बजेट आएको होला भन्ने म ठान्दछु। बजेट मलाई पनि के लाग्दछ भने यो बजेट झन्डै १ अरबको हुनुपर्छ भन्ने कुरामा त्यो कुरा मलाई लाग्दछ। मैले बजेटको सबै कुरा हेरेँ सबै कुरा पढेँ त्यो सबै कुरा कार्यान्वयन गर्न आजको दिनमा १ खरबको बजेट चाहिन्छ भन्ने कुरामा हामी सबैको कसैको पनि दुई मत हुन सक्दैन तर त्यसका पनि आफ्ना सिमाहरु छन् र त्यसलाई हामीले बढाउन सक्दछौँ। मलाई अर्को कुरा म यो बजेटमा के के आयो के गऱ्यो आधारभूत कुराहरु कसरी समेटेको छ संबृद्धिका कुराहरु कसरी समेटिएको छ म त्यो ब्याख्या गर्दिनँ किनकि त्यसको व्याख्या धेरै पटक यहाँ भएको छ। यो बजेट स्वयंले पनि त्यसको ब्याख्या गरेको छ। त्यसकारण त्यतैतिर फेरि म जान चाहन्नँ। यसले गरेको छ आधारभूत तहमा हाम्रा विकासका कुरा हाम्रो बजेटले समेट्नुपर्ने मूलभूत दुईटा कुराहरु एउटा आधारभूत विकासका कुराहरु अर्को संमृद्धि हासिल गर्ने हाम्रा कुरा। यी दुईटा कुरामा नै यो बजेटले दुईटा कुरा समातेको छ। आधारभूत रुपमा हाम्रा नागरिकहरुलाई हामीले पुऱ्याउनुपर्ने सेवा के के हुन सक्दछ ? हामीले आधारभूत रुपमा विकास निर्माणले नसमेटेका क्षेत्रहरुमा के के कुराको विकास गर्नुपर्दछ र हामीले संवृद्धिको कुरा गरिरहेका छौँ त्यो संवृद्धिलाई हासिल

गर्नेका लागि ठूला ठूला प्रोजेक्टहरु, आयोजनाहरु, परियोजनाहरु कसरी अघि बढाउन पर्दछ भन्ने कुरो दुइटै सिद्धान्तलाई यसले राम्रोसँग समातेको छ। खास मेरो विषय के हो भने खास भन्न खोजेको कुरा के हो भने यो बजेटले झन्डै १ खरबको माग गरेको छ र यो बजेटले त्यो पूरा गर्ने कुरा पनि गरेको छ किनकि हामीले भन्याछौँ यहाँ कतिपय आयोजनाहरु अरब रुपैया लाग्ने आयोजनाका लागि करोड रुपैया विनियोजन भएको छ। खालि त्यसको सम्भाव्यता अध्ययनको लागि मात्र त्यो भएको छ या त्यसलाई पूरा गर्ने हामीले लक्ष्यका साथ यहाँ हामीले अगाडि बढाएका छौँ भने यो मन्त्रालयले आर्थिक मामिला मन्त्रालयले या यो बजेटले अर्को सँगसँगै च्यालेन्ज खडा गरेको छ कि ९९ अरब रुपैया चाहि ९९ करोड रुपैया यसले जम्मा गर्नुपर्दछ। त्यसैको लागि हामीले सिद्धान्त बनायौँ। हामीले निजि, सहकारी, साझेदारी गरेर सरकारले काम अगाडि बढाउन पर्छ भन्नुको अर्थ के हो भने हामीलाई आवश्यक पर्ने अरु बाँकी रकम त्यहाँबाट पनि ल्याउन सक्छौँ भन्ने यसको बुझाइ होला भन्ने म ठान्दछु त्यसकारण यो बजेट बढेर नै यो बजेट जतिको हामीले बनाएका छौँ हामीले ३२ अरब १३ करोड ४७ लाख जति जे बनाएका छौँ यो मेरो विचारमा यो कार्यान्वयन गरेर सकिँदा सम्म यो बढेरै आउँछ भन्ने मलाई लाग्छ। अर्कोपटक अर्थमन्त्रीज्यू यहाँ बजेट पेश गर्दा संसोधित हाम्रो अनुमान अनुसार या भएको काम अनुसार भनेर भन्दै गर्दा यो बजेटको दायरा बढ्नुपर्दछ बढेन भने यसले लक्ष्य पूरा गर्दैन। त्यो पनि म भन्न चाहन्छु। जे हामीले यो बढाउन सकेनौँ यसले निर्धारित लक्ष्य पूरा गर्न सक्दैन। तर हामीले कहाँबाट त्यो पूरा गर्छौं भन्ने कुरा पनि यसले भन्याछ फेरि। होइन यहाँ हाम्रो बजेट घाटा बजेटको रुपमा आएको छ। हामीले झन्डै २ अरब कतिको हामीले यहाँ घाटा व्यहोरेका छौँ कहाँबाट पूरा गर्छौं। म भन्छु अझै त्यो घाटा बजेट हुन त यो अर्थशास्त्रको सिद्धान्तले त्यो दिदैन होला। बजेट भाषणको सिद्धान्तले त्यो दिदैन होला म धैरै त्यति अर्थशास्त्र जान्दा पनि जान्दिनँ। बजेटको बारेमा धैरै जान्दा पनि जान्दिनँ तर यो बजेट अझै धैरै घाटा बजेटको रुपमा यो बजेट चाहि आउनुपर्दछ भन्ने ठान्दछु म। घाटा बजेट भनेर घाटा लागेर जानुपर्छ भन्ने मेरो भनाइ होइन। महत्त्वकांक्षा राख्नुपर्छ भन्ने अर्थमा मैले भन्न खोजेको। यसले

महत्त्वकांक्षा

राख्नुपर्छ। यसले १ खरब २ खरबको महत्त्वकांक्षा राखेन भने यसले अगाडि बढ्न सक्दैन। हामीले संमृद्ध प्रदेश बनाउन सक्दैनौं। के हामीले अहिलेको जतिको बजेट छ ३१ /३२ अरब रुपैयाको बजेटले यो प्रदेश संमृद्ध हुन्छ ? हुँदैन त्यो सम्भावना नै छैन किनकि अहिले यसले नै १ खरबको चाहि माग गरिराखेको छ भने यसलाई हामी अझै बढाउन सक्छौं । त्यही भएर नेपाल सरकारले लगानी सम्मेलनको कुरा गरेको छ। निजी क्षेत्रबाट लगानी भित्राउने कुरा गरेको छ। सहकारी क्षेत्रमा, निजि क्षेत्रमा, सामुदायिक क्षेत्रमा धेरै पूँजीहरु जसरी बसेका छन् जसले आज लगानीको अवस्था हेरेर बसिरहेको छ। त्यो अवस्थालाई ल्याउने वातावरण यो बजेटले बनाउँछ कि बनाउँदैन हाम्रो सरकारको नीति कार्यक्रमले बनाउँछ कि बनाउँदैन

भन्ने कुरा मुख्य कुरा त्यसले बनाउँछ। यो बजेट बक्तव्यले त्यो आधार खडा गरेको छ त्यसकारण लगानीकर्ताहरुलाई लिएर आउने र यो बजेटलाई ठूलो आकारमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना र ठाउँहरु म देख्दछु त्यसकारण यो बजेट सामान्य र सानो बजेटको रुपमा मात्रै पनि हो जस्तो मलाई लाग्दैन त्यसकारण अरु यसमा धेरै कुराहरु समावेश भएका छन् त्यसकारण यो एउटा बजेट महत्त्वकांक्षी बजेटको रुपमा आएको छ र महत्त्वकांक्षा हुनु नै पर्दछ। महत्त्वकांक्षा चरम महत्त्वकांक्षा जुन कहिल्यै पुरै हुँनै सक्दैन भने त्यस्तो महत्त्वकांक्षाले हामीलाई डिप्रेसनतिर लैजान्छ र आजभोलि समाजमा धेरै सुसाइडका घटनाहरुको मैले अलिकति सुक्ष्म अध्ययन पनि गरें। त्यो डिप्रेसन महत्त्वकांक्षा धेरै राखेर डिप्रेसनमा गयो भने त्यस्तो पनि हुने रहेछ तर महत्वाकांक्षा नै भएन भने कसैले विकास गर्न सक्दैन। सकारात्मक महत्त्वकांक्षा चाहिन्छ। प्रगतिशील रुपमा त्यसलाई बुझ्नुपऱ्यो। महत्त्वकांक्षा समाजमा सरकारले त महत्त्वकांक्षा राखेन भने हुँदै हुँदैन। सरकारले एक घर एक धारा पानी पुऱ्याउने महत्त्वकांक्षा त्यो पनि महत्त्वकांक्षा हो पुग्छ भनेर सोच्यो भने। हामी यति  हजारलाई रोजगारी दिन्छौं त्यो महत्त्वकांक्षा हो। आजको दिनमा त्यो सम्भव छ भनेर हेऱ्यो भने त्यो छैन। हामी यति बाटो बनाउँछौं हामी हरेक निर्वाचन हाम्रो हरेक स्थानीय पालिका सम्म बाटो पुऱ्याउने भनेको छ। कति खरब लाग्छ

भनेर त्यसलाई आजको दिनमा भनेर हिसाब गऱ्यो भने त्यो महत्त्वकांक्षा नै हो तर त्यो महत्वाकांक्षा सरकारको

(माननीय सभामुखः  माननीय सदस्य समय सिद्धियो )

महत्त्वकांक्षाले हामीलाई विकास र समृद्धितिर लैजाने महत्त्वकांक्षा हो। त्यो आवश्यकताको महत्वाकांक्षा हो। त्यो अनावश्यकताको महत्वाकांक्षा होइन त्यसकारण यो बजेट जसरी जुन रुपमा आएको छ यसले हामीलाई समृद्ध प्रदेश बनाउने र अगाडि बढाउने कुरामा महत्त्वपूर्ण योगदान गर्न सक्दछ भन्ने ठान्दछु त्यसकारण यो बजेटको पूर्ण समर्थन गर्दै बिदा हुन्छु । धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू,  शायद मैले सुनेको छु देख्नेले बोल्दैन भन्छन् बोल्नेले देख्दैन भन्छन् पुरानो उखान तर वास्तवमा बोल्नेले देख्न पनि पर्ने होला जस्तो लाग्ने अनि नबोल्नेले देख्ने पनि पर्ने होला जस्तो लाग्ने यो सबै कुरा एक आपसमा यसको तारम्यता कसरी मिलाउने शायद यो बजेटको छलफलले धेरै कुरा अभिव्यक्त गरेको छ मेरो अनुभूति त्यो हो। साँच्चै यो बजेटको छलफल हुँदै गर्दा मलाई के पनि अनुभूति भइराखेको छ भने सरकार कसैले ढुङ्गा हान्दै गर्दा त्यो ढुङ्गाले दुखे पनि सहेर त्यो ढुङ्गालाई सबै सबै सँगालेर एउटा सुन्दर घर बनाउने सपना मात्रै देखे पुग्छ अरु केही गर्न पर्दैन तर त्यो सपना देख्ने कुरा नविर्सिएर सरकार अगाडि बढोस् म सबभन्दा अगाडि शुभेच्छा प्रकट गर्न चाहन्छु किनभने आज त्यो ढुङ्गा हानेकोबाट अलि अलि दुखाइबाट तर्सिएर अछुत शब्दहरु प्रहार भइराखेका छन्। यो शायद यो सभाको घटिया प्रवृत्ति शायद तपाई हामी सबैका निमित्त अभिशाप नबनून् र मलाई लाग्छ हामी प्रदेश सभाको बैठकमा जो असार १ गतेको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्गबाट आर्थिक वर्ष २०७६/०७७ को बजेट सुन्दा हामी सबै खुसी भयौं। बजेट आइसकेपछि हाम्रो गाउँ हाम्रो ठाउँ हाम्रो समाज विकास हुन्छ परिवर्तन हुन्छ हामी र हाम्रो समाज बदलिन्छ भन्ने आशै

आशमा हामी उमंगित हुँदै खुसीले रमाउने नेपाली परम्परा छ। शायद त्यही नेपाली हुनुको नाताले यसबाट म पनि अछुतो बन्न सकिनँ। मलाई लाग्छ गत वर्ष २५ प्रतिशत मात्र बजेट खर्च भएको सुन्दा खुसीको कुनै आधार रहेनछ भन्ने महसुस हुन्छ। बजेट प्रस्तुत हुने अनि खर्च नहुने यो परम्पराले हात्ती आयो हात्ती आयो फुस्सा हुने एउटा प्रवत्ति हाम्रो बिचमा दोहोरिएको छ। शायद हामी योबाट अलि बढी चिन्ताका साथ लिनुपर्ने जरुरी र त्यो चासोका साथ खोज्न पर्ने हाम्रो आवश्यकता बनेको छ। यो बजेटका केही सकारात्मक र नकारात्मक दुबै पाटाहरु छन्। एक घर एक धाराको कार्यक्रम, प्रदेश गौरवको योजना विशेष गरी शालिग्राम सांस्कृतिक करिडोर, बागलुङ्गको ढोरपाटन, गोरखाको चुमनुम्बी, धार्चे धार्चेका दुर्गम बस्तीहरुलाई विकासकेन्द्रित योजनामा बदल्ने विषय, मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँलाई निरन्तरता दिने कुरा, पहिचानयुक्त संस्कृतिको विकास गर्ने विषय, ऐतिहासिक स्थललाई पर्यटकीय गन्तव्य बनाउने विषय, युवा लक्षित चुनौती कोष खडा गर्ने विषय, दौडिन नसके पनि हिँड्न खोज्ने विषय बजेटको सकारात्मक पक्ष हो । मलाई लाग्छ आज अरु धेरै कुराहरु पनि होलान् तर मेरो आँखाले केही सकारात्मक पक्ष देखेकै छ र यसमा केही कार्यविधिको परिमार्जनको नाममा आएको विभिन्न मन्त्रालयसँगको एकमुष्ट बजेट छ। वितरणमुखी भयो भन्ने कुराहरु पनि आउलान् तर म के भन्छु भने अपारदर्शीता र छाँयाको बिचबाट फेरि अँध्यारो बनाउने कुनै प्रपन्च त्यो भित्र लुकेको हुन सक्छ त्यसैले एउटा आशंकाको बिचबाटै एकमुष्ट बजेट नआओस् म अहिले पनि अनुरोध गर्न चाहन्छु। त्यो बिचबाट आयो भने फेरि पनि अर्को दुर्घटना त्यसले निम्त्याउन सक्छ। सरकारलाई फेरि सुशासनको आफ्नो वाणीबाट होच्याउन सक्छ यत्ति कुरा सचेत गराउन चाहन्छु र निर्वाचन क्षेत्र विकास कार्यक्रम मलाई धेरै सबै माननीयहरु खुसी भए जस्तो लाग्ने तर म खुसी छैन। यसले हामी सुशासनको पक्षमा वकालत गरिराख्नेहरुको लागि समाजबादी एउटा अर्थशास्त्रीय नियमको आधारमा पनि कसैले भन्लान अथवा समाजवादी उन्मुख अर्थ नीतिको एउटा प्रादुर्भाव गर्ने योजनाका साथ आएको पनि त्यो सबभन्दा त्यसको कडी भनेको त सुशासन होला नि। आज हामी थोरै थोरै बजेट टुक्राउने बजेटको नाममा त्यो एउटा टाउकाका मूल्य तोके झै गरेर फेरि सांसदको

मूल्य तोक्ने एउटा विधिबाट बजेट विनियोजन गर्दै छौं भने आज  हामी के हामीले आज अपनत्त्व  फिल त्यसैमा गर्न सक्छौँ? हामी त्यसैमा गर्व गर्न सक्छौँ ? यो विधिबाट के यो मुलुकमा सुशासन अर्को प्राप्त हुन सक्छ? हामीले त्यही सुशासन त्यही खालको बजेटको विनियोजनबाट यो मुलुकमा अर्को संवृद्धि हासिल गर्न सक्ने एउटा आधार छ भनेर हामी गौरव गर्न सक्छौँ? मलाई लाग्छ त्यो सम्भव छैन र आज यसो हेर्दै गर्दा सरकारले यो बजेट पेश गर्दै गर्दा फेरि मलाई लाग्छ यो बजेट अलि बढी सेवा केन्द्रित छ।अलि बढी सेवामुखी बनेको छ। पूर्वाधार निर्माणको विषय हेर्दाखेरि पनि त्यो पनि अझ खानेपानीमा केन्द्रित भइराखेको छ। मैले यसो हेरिराखेको छु २ अरब मैले अगाडि पनि राखेको छु शायद पर्यटन मन्त्री यहाँ हुनुहुन्न मैले अहिले पनि भन्छु एउटा निर्वाचन क्षेत्रमा एउटा पर्यटन गन्तव्य बनाएर त्यो निर्वाचन क्षेत्रमा सबै पर्यटकहरु जाने एउटा एकीकृत विकासको एउटा योजना बनाउनुहोस् र त्यतिबेला चाहि त्यसले एउटा आर्थिक वृद्धिदर अवश्य उकास्छ होइन भने तपाईले अहिले जुन सेवामुखी त बनेको छ जनताले एकछिन सेवा पाए जस्तो हिजो वृद्धभत्ता बाँडेर मतलव त्यो प्रकृतिको चाहि एउटा घटनाक्रमबाट आफूले केही थोरै अपनत्त्व ग्रहण गरे जस्तो फिलिङ्ग त होला तर त्यसले चाहि खासै आर्थिक वृद्धिमा त्यसले महत्त्वपूर्ण प्रभाव पार्ने मैले त्यो सङ्केत पाएको छैन। हुन त आर्थिक पूर्वाधारका विषयवस्तुबाट यो अलिकति थोरै देखिएला तर तपाईले लगानी गरेका बजेटबाट तत्काल त्यसको उत्पादन हुन सक्ने आधार खोई? त्यो आधार बिना मात्रै कि हामी के हामी ७ प्रतिशतबाट हामी १० प्रतिशत आर्थिक वृद्धिदरमा अगाडि बढाउन सक्ने बन्न सक्छ? सम्भव छ? मलाई थोरै पनि अलिकति पनि त्यो विश्वास छैन। मैले देखिराखेको छु त्यो विश्वासको एउटा मात्र आधार भन्नुहोस् हामी देख्छौँ कि आज हामी बाटो खन्छौँ। बाटोले थोरै अलिकति सहजता त प्रदान गर्ला तर आर्थिक वृद्धिमा तत्काल त्यसको रियाक्टेड बन्दैन। तपाईले अहिले तुरुन्तै एउटा लिचीको बोट रोप्नुहोस् त्यसले चाहि २ वर्षमा उत्पादन दिन्छ अनि २ वर्षको विचमा अहिले हामी देख्छौँ उन्नत जातको त्यो बिरुवाबाट हामीले देख्छौँ २ वर्षमा त्यसले उत्पादन दिन्छ। त्यो उत्पादनको विचबाट हामी तत्काल फाइदा लिन सक्छौँ त्यसले केही न केही आर्थिक वृद्धि अबश्य दिन्छ तर यो दिशातिर

सरकारको ध्यान केन्द्रित भइराखेको छैन। हामी एउटा पर्यटनको एउटा गन्तव्य बनाऔँ त्यहाँ चाहि कम्तीमा २० हजार एकवर्षमा २० हजार पर्यटक त्यहाँ पुगे भने ती २० हजार पर्यटकले खाएको, बसेको, हिँडेको हरेकचिजको उत्पादन त्यसको ट्याक्स कति हुन्छ त्यो हिसाब गरौँ। आज सरकारले जति पनि ट्याक्सको विषयमा छलफल गरिराखेको छ मैले देखिराखेको छु ट्याक्सको दायरालाई बढाऔँ। एउटा मान्छेले जग्गा प्लटिङ्ग गरेको छ उसले एउटा जग्गा बेच्दाखेरि उसले जति हो त्यति थैली राखेर चाहि पास गर्ने व्यवस्था गरौँ। उसले ट्याक्स कति छलिराखेको छ। ५० लाखमा बेचेको जग्गा उसले मात्रै १० लाखको थैली राखेको देखाउँछ अनि त्यसपछाडि उसले १० लाखको ट्याक्स तिर्छ। अरु ४० लाख उसले राज्यलाई कर छली गर्छ। यो विधिलाई हामीले खोजी गरेर अहिले सबै सहर उन्मुखको एउटा बस्ती विकास भइराखेको छ त्यतातिर हामीले अलिकति खोज्यौँ भने हामी आन्तरिक राजश्व जो ३ अरब ७ करोडको जुन विषयवस्तु छ त्योबाट वृद्धि गरेर हामीले शायद आन्तरिक राजश्व वृद्धि गर्न सकिने एउटा आधार बन्न सक्छ अनि हामी त्यतिबेला पूजीगत खर्च बढाउन सक्ने बन्न सक्छ। अहिले १ खरबका कसैले घमण्ड गरेर अर्थ छैन किन त्यसको आधार सहित जान पर्‍यो हामी। भोलि आगामी दिनमा त्यसको आधार बिना गयौँ भने त्यसको सम्भब पनि छैन। त्यसैले घमण्ड होइन सार्थक र सत्य कुरा बोल्न जान्नुपर्दछ र मलाई लाग्दछ यो पचभैया अन्तराष्ट्रिय प्राणी उद्यान र त्यही ठाउँमा बन्यबन्तु उद्धार केन्द्र एकैपटक निर्माण गर्ने विषयबस्तु जोडिएको छ। यो विचमा मलाई जहाँसम्म लाग्छ यसको डुब्लिकेसनको खतरा छ। यसलाई तुरुन्त अर्को नयाँ ढङ्गले यसको एउटा वातावरण बनाएर सरकारले सच्याओस् मेरो आग्रह यहाँनेर छ र अर्को पूर्ण साक्षर बनाउने विषयवस्तु २ वर्ष भित्र खानेपानी पुर्‍याउने कुरा मैले अघिल्लो वर्ष भन्याथैँ अघिल्लो वर्ष पनि २ वर्ष नै भयो अहिले पनि फेरि २ वर्ष नै आयो के मलाई अचम्मको कुरा अघिल्लो वर्षको नीति कार्यक्रममा पनि २ वर्ष नै छ अहिलेको बजेटको कार्यक्रममा फेरि २ वर्ष को नै छ भनेसि यो २ वर्ष कहिले पुग्ने हो मलाई थाहा छैन। होइन यो २ वर्ष साँच्चै यो साक्षरताको एउटा विधि खोज्ने हो भने यसलाई अलिकति नयाँ ढङ्गले एउटा जनशक्ति परिचालन गर्ने एउटा विधिबाट जानुपर्छ जहाँ कि

५ वर्ष एउटा गाउँपालिकामा मैले अस्ति मात्र एउटा गाउँपालिकाको कार्यक्रममा गएर आएँ। त्यो गाउँपालिकामा ५ प्रतिशत बच्चा अहिले पनि स्कुल जाने रहेनछन्। गोरखाको शायद त्यो अजिरकोट गाउँपालिका त्यो ठाउँमा अहिले पनि ५ प्रतिशत बच्चा स्कूल नजाने। बुढाबुढी चाहि निरक्षर छन् भन्ने कुरा त मान्न सकिन्छ तर बच्चा चाहि स्कूल जाँदैन र ऊ अशिक्षित छ भन्ने कुरा यो बडो गम्भीर प्रश्न मैले अहिले पनि राख्छु शिक्षामन्त्री ज्यू यहाँ हुनुहुन्छ। तपाई हामी सबैले यो विषय विषयवस्तुलाई अलि विशेष ढङ्गले ख्याल गरौं मेरो आग्रह छ र अन्त्यमा यो विषयवस्तु साँच्चै बजेट हामी सबैका आँखाबाट आँसु चुहिने नबनोस् हाँसो र खुसी बाँड्ने बनोस् यही शुभेच्छा प्रकट गर्दै बिदा हुन चाहन्छु धन्यबाद नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री चन्द्रबहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय चन्द्र बहादुर बुढा

माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष ०७६/०७७ को बजेट माथि छलफल चलाइरहेका छौं। हामी यो छलफल शायद धेरै पनि गरिसक्यौं। विशेषतः यो बजेट आउनुभन्दा अगाडि हामीले विनियोजन बिधेयक २०७६ का सिद्धान्त तथा प्राथमिकतामा छलफल चलाएका थियौं। त्यसको आधारमा प्रस्तुत नीति कार्यक्रममाथि हामीले छलफल र पारित पनि गरिसकेका छौं र शायद आज हामी बजेट माथि छलफल चलाइरहँदा केही विषयहरु पनि शायद फेरि मुखरित हुन खोजिराख्याछ। हामीले नीति कार्यक्रममै हामीले शायद निर्मतापूर्वक समीक्षा गरेका छौं। यो प्रदेशको सम्भावना के हो हाम्रो अवसर चुनौतीहरु के के हुन् र हामीले यसलाई यो चुनौतीको सामना गर्नको निमित्त हामी कसरी अगाडि बढ्न सक्छौं भन्ने विषयप्रति हामी बिकेन्दित छैनौं जस्तो लाग्छ। हामी यो एक डेढ वर्षको छलफलमा हाम्रा बुझाइहरु हामीले केन्द्रित गरिसकेका छौं शायद समान बुझाइ हाम्रो छ जस्तो लाग्छ। यद्यपि बजेट माथि छलफल चलिरहँदाखेरि केही विषयहरु फेरि स्वभाविक रुपमा उठ्छ यद्यपि अलि बढी अलि तरङ्गगित भएर उठ्यो कि भन्ने त्यो मैले महसुस गरेको छु र त्यसो गर्न अलि सान्दर्भिक हुँदैन कि भन्ने म सुरुमा

राख्न चाहन्छु र शायद यो बजेट अलि हाम्रो बजेट प्रस्तुत भइरहँदा बजेट आइरहँदा हामीले धेरै सपना पनि देखेका छौँ। हामीले सपना देख्ने मात्रै होइन सपना पनि बाँडेका छौँ र यो बजेट यसो हेर्दाखेरि यो अलि महत्वाकांक्षी पनि छ। यो प्रचारमुखी पनि छ। यो अहिलेको आवश्यकता हो। यसको मतलब के भने हामी यहीँनेर तरङ्गगित कतै हुन खोज्यौँ कि भन्ने अलि मलाई लागिराखेको छ। यो यसले हाम्रो प्रदेशलाई अगाडि बढाउने कुरामा यसले शायद सहयोग पुग्दैन भन्ने कुरा म विशेष रुपमा राख्न चाहन्छु र हामीले सपना देख्नुपर्दछ शायद हामीले सपना देख्न सकेनौँ भने यो बिज्ञानको नियम पनि हो हामीले गतिलाई पक्डन सक्दैनौँ र त्यो गतिलाई पक्डनको निमित्त हामी महत्त्वकांक्षी पनि बन्नुपर्दछ। हामी चाहि धेरै प्रचारमुखी पनि हुनुपर्छ र हामीले धेरै कुराहरुको हामीले भविष्यबाणी पनि गर्नुपर्छ। त्यही कुरामा निर्देशित भएर यो बजेट प्रस्तुत भएको छ भन्ने कुरा म ठान्दछु र बजेट यो प्रदेशको सन्दर्भमा यो वस्तुवादी, यथार्थपरक र नीति कार्यक्रमको मूल स्क्रीप्टप्रति प्रतिवद्ध भएर प्रदेशको संवृद्धि सबल प्रदेश र सुखी नेपालीको दिशातिर मुखतिर हुने गरी बजेट ब्यक्त भएको छ। यस मानेमा म यो बजेटको मेरो व्यक्तिगत तर्फबाट र मेरो दलको तर्फबाट विशेष धन्यबाद सहित समर्थन व्यक्त गर्न पनि चाहन्छु। सभामुख महोदय, हामीले यो प्रदेशको बारेमा मैले अघि पनि भनेँ यथार्थता के हो त्यो यथार्थमा टेक्ने कोशिस यो बजेटले गरेको छ। मैले सुरुमा भन्न चाहेँ केही निर्धारित लक्ष्यहरु छन् माननीयज्यूहरुले राख्नुभएको छ ती निर्धारित लक्ष्यहरु प्राप्त गर्नको लागि योजनाको प्राथमिकिकरण र त्यसका अवयवहरुलाई कसरी अगाडि बढाउने भन्ने कुरा शायद कार्यक्रमिक हिसावले पनि बजेटको हिसावले पनि व्यक्त गरेको मैले महसुस गरेको छु। हामीले उद्धेश्य लक्ष्यहरु निर्धारण गर्दाखेरि बजेटमा जसरी ती ७ वटा शीर्षकमा व्यक्त भएका छन् हामीले यसो छलफल चलाइरहँदाखेरि अलि अर्थतन्त्रको बारेमा अलि वेशी छलफल हुने गर्छ। हाम्रो अर्थतन्त्र यहाँको वास्तविकता के हो ? हामीले भनेका छौँ संवृद्धि प्रदेश निर्माणको निमित्त अर्थतन्त्र भन्ने कुरा महत्त्वपूर्ण मेरुदण्ड हो। हामी शायद समाजबादी अर्थतन्त्र निर्माणको प्रकृयामा छौँ। त्यो अर्थतन्त्र निर्माण गर्ने कुरा अथवा आत्मनिर्भर बन्ने कुरा हामीले त्यो लक्ष्यमा निर्धारण गरेका छौँ। बजेटले बोलेको

छ र हामीले उत्पादन र उत्पादकत्त्व नवढाइकन हामीले रोजगारी श्रृजना नगरिकन हामीले गरिबी हटाउन सक्दैनौं। त्यसो गर्नका लागि हामीले हाम्रो अर्थतन्त्रलाई व्यवस्थापन कसरी गर्न सक्छौं त ? हाम्रा अर्थतन्त्र संङ्कलनका दायराहरु के हुन सक्छन्? राजश्व संङ्कलनका दायराहरु कसरी फराकिलो पार्न सक्छौं यहाँ शायद बजेटमा व्यक्त भएको छ। निश्चित रुपमा हाम्रो चिन्ता चासो हाम्रो आवश्यकता कसरी सम्बोधन हुन सक्छ भन्ने कुरा हुनुमा त्यो स्वभाविक हो। माननीय सदस्यहरुले व्यक्त गर्नुभएको छ। चिन्ता चासोमात्र व्यक्त गरेर हुँदोरहेनछ। हाम्रा आवश्यकता आकांक्षाहरु मात्र मुखरित गर्न खोजेर हुँदोरहेनछ। हाम्रा साधन श्रोत के हो हाम्रो साधन श्रोत सिमित छ । सिमित साधन श्रोतको दायराभित्र रहेर हामीले हाम्रो प्रदेशलाई अगाढि बढाउनु छ। यो हाम्रो चुनौती हो। सिमित श्रोत साधन र आवश्यकताविचको अन्तरविरोध यो हाम्रो चुनौती हो। अब हामीले सबैले यसप्रति ध्यान दिन सक्यौं भने शायद अहिले भएको प्रस्तुत बजेटबाट हामीले कार्यसम्पादन एउटा प्रकृयामा अगाडि बढ्दै गर्दा हामीले अहिले समीक्षा होइन कि हामीले परिणाम देखापरिसकेपछि समीक्षा गरौंला र त्योबाट पाठ सिकेपछि अगाडि बढ्ने पनि कोशिस पनि गरौंला। त्यो दिशातिर योजनाको प्राथमिकीकरण लक्ष्य उद्धेश्यहरु निर्धारित भएर यहाँ व्यक्त भएको छ बजेटमा। विशेषतः त्यसमा प्राथमिकताको आधारमा हामीले पर्यटन पूर्वाधारको कुरा गरेका छौं हामीले पूर्वाधार सम्बन्धी अरु अवयवहरुलाई अगाडि बढाउने कुरा गरिरहेका छौं। हामीले उद्योग, शिक्षा, स्वास्थ्य जस्तै खानेपानीका कुराहरु कृषिका कुराहरु सबै अवयवका कुराहरु गरेका छौं सबै अवयवहरुलाई यहाँ चाहि जुन छलफल चलाएका छौं र शायद यो बजेटमा पनि व्यक्त भएको छ। मुख्य गरेर हामी अब अगाडि कसरी बढ्छौं भन्ने कुरामा महत्त्वपूर्ण कुरा अहिले चाहि यो उजागर गरेको छ त्यो भनेको प्रदेश विकास प्राधिकरण निर्माण गर्ने त्यो कुराले धेरै अर्थ राख्छ। धेरै महत्त्व राख्छ। हामी आगामी दिनमा अगाडि बढ्ने सन्दर्भमा शायद यसले हाम्रा भविष्यहरुलाई सुनिश्चित गर्न सक्छ भन्ने लाग्छ र त्यसो भएको हुनाले हामी यो प्रदेशको भाग्य भविष्य निर्माता पनि हौं। इतिहासले हामीलाई क्षमा दिनेवाला छैन। हाम्रा स्थितिहरु के हुन्छन् हाम्रा बुझाइहरु के हुन्छन् र हामीले कसरी चाहि संवृद्ध प्रदेशको एउटा आधार खडा गर्न

सक्छौँ भविष्यमा हामीले हाम्रा पिढीँहरुलाई कसरी ओरिन्टिएड गरेका हुन्छौँ त्यो महत्त्वपूर्ण कुरा हो। त्यसो भएको हुनाले हाम्रो चिन्ता चासो यहाँ केन्द्रित हुन म विशेष आग्रह गर्न चाहन्छु र त्यसको साथसाथै हाम्रो यो भूमिकाहरुको बारेमा पनि अलि फराकिलो हुन खोजेको छ यो बजेट। हाम्रो भूमिका सांसदहरुको भूमिका अलि सुनिश्चित गर्न खोज्याछ। त्यसको साथसाथै प्रदेश कर्मचारी व्यवस्थापन यो सूचना प्रणालीको विकास गर्ने यो अलि महत्त्वको विषय हो। त्यहाँ उल्लेख गरेको छ। त्यस्तै गरेर जनतासँग यो मुख्यमन्त्री टेलिभिजन कार्यक्रम प्रभावकारी छ। यो अलि महत्त्वपूर्ण आयाम हो भन्ने मैले बुझ्या छु है। यसलाई हामीले व्यवस्थित ढङ्गबाट अगाडि बढाउन सक्यौँ भने निश्चित रुपमा हामीले लक्ष्य चुन्न सक्छौँ र त्यसको साथसाथै हामीले योजनाको प्राथमिकिकरण गर्दाखेरि मुख्य गरेर जनताको अपनत्त्व हुने गरिकन हामीले लक्षित वर्ग क्षेत्रमा केन्द्रित गर्ने कुरा हामीले समानुपातिक समान्यायीकको कुरा पनि गर्‍याछौँ र हामीले सन्तुलित बजेटको  प्रवाहको पनि कुरा गर्‍याछौँ। हामी सबै हिसावले हेर्दाखेरि जे होस् प्रदेशको समग्र सन्तुलित र समानुपातिक ढङ्गबाट विकासको गतिलाई अगाडि बढाउने यो बजेटले कोशिस गरेको छ र मैले अन्त्यमा सभामुख महोदय, यो बजेट माथि हामीले छलफल चलाइरहँदा बजेट यो बजेट हाम्रा चुनौतीहरु के हुन् ती सामना गर्ने कुरा यो बजेटमा अन्तरसम्बन्धित छ र आगामी दिनमा हामीले हाम्रा चुनौतीहरुलाई सामना गर्ने त्यो क्षमता राख्नुपर्छ। शायद अहिले हामीले बजेटलाई एउटा निष्कर्षमा पुर्‍याउन सक्यौँ र परिणाममा हामीले सबै चुनौतीहरुको सामना गर्ने त्यो क्षमता राख्ने ठाउँमा हामी पुग्न सक्यौँ भने हाम्रो भविष्य उज्ज्वल छ। हामीले परिकल्पना गरेको हामीले सपना देखेको संवृद्ध प्रदेश र सुखी नागरिकको लक्ष्यलाई हामीले हासिल गर्न सक्छौँ। यही कुराहरु राख्दै म पुनः फेरि यो बजेटको पूर्ण समर्थनका साथ आफ्नो भनाइ अन्त्य गर्दछु । धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुख महोदय, २०७६ साल असार १ गते गण्डकी प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूले आर्थिक वर्ष ०७६/०७७ को बजेट प्रस्तुत गर्नुभएको थियो। अहिले हामी त्यो बजेटको सन्दर्भमा छलफलमा बजेट बक्तब्यको सन्दर्भमा छलफलमा सहभागी भइरहेका छौँ। हामीले बजेटको निर्माणका निम्ति माननीय मन्त्रीज्यूले मन्त्रालयमा पनि बोलाउनुभयो माननीयज्यूहरुलाई। हामीले त्यहाँ पनि सुझाव राख्यौँ। बजेटको सिद्धान्त र प्राथमिकताको बारेमा छलफल भयो। त्यहाँ पनि हामीले आफ्नो छलफलहरु सुझावहरु आफ्नो रायहरु राख्यौँ टिप्पणीहरु राख्यौँ। सरकारको नीति कार्यक्रम प्रदेश प्रमुख माननीय प्रदेश प्रमुख बाबुराम कुँवरले सरकारको तर्फबाट नीति कार्यक्रम प्रस्तुत गर्नुभयो। त्यसबारेमा पनि हामीले छलफल राख्याछौँ सुझाव गऱ्याछौँ। मलाई लाग्छ धैरै माननीयहरुले त्यहाँ आफ्नो सुझावहरु राखिसक्नुभएको छ। यो बजेटलाई परिस्कृत बनाउने कुरामा परिमार्जित गर्ने कुरामा परिपक्व बनाउने कुरामा यी सबै छलफलहरुले पर्याप्त काम गरेका छन् भन्ने मलाई लाग्छ। माननीय आर्थिक मामिला मन्त्री उहाँ आफै अनुभवी, परिपक्व हुनुहुन्छ। संघ सरकारको समेत मन्त्री भएर एउटा अनुभव सँगालिसकेका व्यक्तित्त्व हुनुहुन्छ। उहाँले धैरै पक्षलाई ख्याल गरेर धैरैका सल्लाह सुझावहरुलाई आत्मसाथ गरेर बजेट ल्याउनुभएको छ। नेपालको संविधानको मर्म अनुसार हामीले नेपालको संविधानमा समाजवाद उन्मुख अर्थतन्त्रको कुरा गरेका छौँ। त्यो संविधानको मर्मलाई आत्मसाथ गर्ने कुरा सिद्धान्त र प्राथमिकता नीति र कार्यक्रमलाई ध्यान दिनुपर्ने कुरा ध्यान दिने कुरा सरकारको पञ्चवर्षीय योजना १५औ पञ्चवर्षीय योजना या प्रदेश सरकारको नीति योजना आदि बनाएको आर्थिक गन्तव्यको सन्दर्भलाई समेत ध्यान दिएर उहाँले बजेट अगाडि ल्याउनुभएको छ। म उहाँले प्रस्तुत गरेको यो बजेटलाई जनमुखी छ यथार्थपरक छ यो बजेटले कोही कोही माननीयले भन्नुभएको थियो मलाई किन त्यसो भन्नुभयो होला भन्ने लाग्यो तर उहाँले भन्ने अधिकार छ। यो बजेटले दुर्गमलाई पनि चिनेको छ मुस्ताङ्ग र चुनढुङ्गी मनाङ्गलाई पनि चिनेको छ । यो बजेटले तराईको नवलपुरलाई पनि चिनेको छ। यो बजेटले गरिबलाई पनि चिनेको छ । सबै क्षेत्र समुदायले चिनेको छ। यो बजेट सबैको

हो। हामी सबैको हो। मुस्ताङ्गदेखि नवलपुरसम्म गोरखादेखि मनाङ्ग सम्म सबै जिल्ला सबै समुदाय सबै क्षेत्र सबै लिङ्गका जनताको हो प्रदेशको हो। त्यसकारण यो बजेट जनमुखी छ र यो चाहि लोककल्याणकारी बजेट छ भन्ने मलाई लाग्दछ। नीति कार्यक्रम एकातिर बजेट अर्कोतिर भन्ने पनि मैले सुनेँ। मलाई आज बिहान एउटा टिभिले मिडियाले सोध्याथ्यो होइन यो बजेटमा वितरणमुखी भयो प्रचारमुखी भयो भन्ने पनि छ। बजेट भन्या के हो? बजेट भनेको थुप्राएर राख्ने हो र। अघि नै साथीहरुले माननीयहरुले उदाहरण दिइसक्नुभयो। बजेट भनेको पोको पारेर राख्ने चिज होइन। बजेट भनेको वितरण नै गर्ने हो। बजेट भनेसि वितरण गरेसी चर्चा हुन्छ परिचर्चा हुन्छ तर बजेट सही ठाउँमा प्रयोग भयो कि भएन बजेटले सही ठाउँमा जनताको समस्यालाई सम्बोधन गऱ्यो कि गरेन। बजेट सही माग अनुसार अहिलेको आवश्यकता अनुसारको क्षेत्रलाई प्राथमिकता दियो कि दिएन जुन कुरालाई प्राथमिकता दिनुपर्थ्यो त्यो कुरालाई प्राथमिकता नदिएर अर्को बाटोतिर हिँड्या छ कि छैन? त्यो कुरा महत्त्वपूर्ण कुरा हो। सरकारको नीति कार्यक्रम सिद्धान्त र प्राथमिकतामा आधारित भएर हिँड्या छ कि बाहिर हिँड्या छ त्यो कुरा प्राथमिकताको कुरा हो त्यसकारण बितरणमुखी भयो वा प्रचारमुखी भयो भन्ने कुरा ठूलो कुरा होइन। ठूलो कुरा के हो भने यो जनमुखी छ यो नतिजामुखी छ। महत्त्वपूर्ण कुरा यो हो। हामीले यसमा कोही वाइस हुनुछैन। मैले कसैलाई वाइस गरेर भन्नुभयो भनेको पनि होइन। सत्तापक्ष / प्रतिपक्ष सबैले भन्नुभएको छ यो बजेट राम्रो छ। नराम्रो कसैले पनि भनेको मैले सुनेको छैन। यो बजेटलाई परिष्कृत व्यवस्थित गर्नपऱ्यो परिमार्जित होइन व्यवस्थित गर्नपऱ्यो यसलाई कार्यान्वयन गर्नुपऱ्यो। रिजल्ट आउनुपऱ्यो। बजेट राम्रो आउने रिजल्ट राम्रो नआउने भयो भने भएन। कार्यान्वयन भएन भने भएन भन्ने चिन्ता माननीयज्यूहरुको छ त्यो त स्वभाविक कुरा हो। कार्यान्वयन हुनुपर्छ भन्ने हामी सबैको चिन्ता छ त्यसकारण माननीय मन्त्रीज्यूले जो बजेट ल्याउनुभएको छ शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योग विभिन्न क्षेत्रको विषयलाई सम्बोधन गरेर उत्पादन र रोजगारीलाई कसरी विकास गर्ने हाम्रो समस्या के छ मुख्य कुरा मुख्य कुरा युवा पलायनको समस्या छ। मुख्य कुरा बेरोजगारीको समस्या छ। हाम्रो प्रदेश मात्रै होइन नेपालकै समस्या मुख्य समस्या

बेरोजगारीको समस्या छ। लाखौ लाख युवाहरु विदेश पलायन हुने स्थिति छ। बेरोजगारीलाई कसरी रोक्ने बेरोजगारी रोक्नलाई बेरोजगारी रोक्नलाई वा स्वरोजगारी श्रृजना गर्नलाई के गर्नु पर्छ? उत्पादन बढाउन पर्छ। उत्पादन बढाउन पर्‍यो। उत्पादनमा सहभागी हुने वातावरण बनाउन पर्‍यो। त्यसको लागि कृषि क्षेत्रलाई व्यवसायिकरण गर्न पर्‍यो बजारीकरण गर्न पर्‍यो। यान्त्रिकीकरण गर्न पर्‍यो। किसानले उत्पादन गर्ने वा सामूहिक रुपमा गरेका खेतीपातीहरुलाई बजारमा ल्याइदिने व्यवस्था गरिदिनुपर्‍यो। युवाहरुलाई बढी भन्दा बढी कृषि फार्ममा संलग्न हुने व्यवसायिक खेतीमा संलग्न हुने वातावरण बनाउन पर्‍यो। सरकाले त्यो कुरा प्रष्ट भन्याछ। लिजमा जग्गा लिन पाउने सामूहिक खेती प्रणाली अपनाउन सकिने युवाको बारेमा युवाहरुलाई प्रोत्साहित गर्ने गरी यो बजेट आएको छ। युवाहरुको रोजगारी श्रृजना गर्ने गरी उत्पादन बढाउने गरी बजेट आएको छ। उत्पादन र रोजगारी बढाए मात्रै यो देशलाई समृद्ध बाटोतिर लैजान सकिन्छ। चाहे तपाई हामी पर्यटनको कुरा गरौँ चाहे उद्योगको कुरा गरौँ चाहे कृषिको कुरा गरौँ चाहे अरु क्षेत्रको शिक्षा अथवा स्वास्थ्यको कुरा गरौँ जुनसुकै कुराले पनि उत्पादन र रोजगारीलाई जोड्नुपर्छ। उत्पादन र रोजगारी जोडे पनि मात्रै संवृद्धिको कुरा अगाडि बढ्न सक्छ। सरकारले प्राथमिक स्वास्थ्यको कुरालाई गुणात्मक बनाउने कुरा गर्‍या छ र विशिष्टिकृत सेवालाई पनि प्राथमिकता दिएको छ। सरकारले शिक्षालाई दुर्गम क्षेत्रको शिक्षालाई आवासीय बनाउने कुरा गर्‍या छ र अरु क्षेत्रमा जुन सामुदायिक विद्यालय एउटा तहसनहस भइरहेको अवस्था छ त्यो सामुदायिक विद्यालयलाई गुणात्मक कसरी बनाउने भन्नी बारेमा एउटा पाइलट प्रोजेक्टको रुपमा एउटा निर्वाचन क्षेत्रमा एउटा विद्यालयलाई व्यवस्थित गर्दै जाऊ भनेर अगाडि बढाछ त्यसकारण यी कुनै योजनाहरु महत्त्वकांक्षी वा नीति कार्यक्रम भन्दा बाहिरका जनता भन्दा बाहिर रहेका जनतासँग नछुने खालका जनतालाई सम्बोधन नगर्ने खालका महिलालाई सम्बोधन गरेन गरिबलाई सम्बोधन गरेन दुर्गम क्षेत्रलाई लाई सम्बोधन गरेन भन्ने होइन यस्तो लाग्छ मलाई। मैले हेर्दा पढ्दा म देख्दछु सबै समुदायलाई समेटेको छ। सबै क्षेत्रलाई समेटेको छ। सबै जातिलाई समेटेको छ। इतिहासलाई सम्मान गरेको छ। वर्तमानलाई क्रियाशील बनाउने

कुरा गरेको छ। भविष्य गन्तव्यतिर लक्षित बनेको छ। स्पस्ट गन्तव्यतिर अगाडि बढेको छ। कोही कोही मान्छेहरुले भनेको मैले सुनें पुरानो बजेट परम्परागत बजेट हामी एउटा कुराबाट ग्रसित छौं पहिल्यैदेखि। एउटा कुराबाट के ग्रसित छौं आजको कुरा होइन यो। पहिल्यैदेखिको कुरा हो यो। कुनै दल विशेषको कुरा होइन यो। हामी सबैको साझा विषय हो त्यो। त्यो साझा विषय के हो भने विगत हाम्रो राजनैतिक अस्थिरताले देश बिगार्‍यो। राजनैतिक अस्थिरता भएको कारणले देश बिगार्‍यो देशमा विकास हुन पाएन। केन्द्रिकृत सामन्ती र निरङ्कुस व्यवस्थाका कारण त्यो आयो। हामीले त्यो कुराको अन्त्य गर्न लड्यौं। अब हामीले हिजो मिलेर लड्यौं। हामी मिल्दा निरङ्कुसता लड्यो। हामी मिल्दा जनताको व्यवस्था आयो। जनता मालिक भए। अब हामीले यो र ऊ भनेर होइन फेरि हामी मिलेर हिजो हामी आन्दोलनमा लागेका हिजो हामी सङ्घर्षमा लागेका लोकतन्त्रको निम्ति लागेका गणतन्त्रको निम्ति लागेका हामी सबै मिलेर अब हामीले सुशासनको निम्ति लाग्नुपर्नेछ। हामी संवृद्धिको निम्ति लाग्नुपर्ने छ। हामी विकासको निम्ति लाग्नुपर्ने छ। हाम्रो शत्रु काँग्रेश होइन। हाम्रो शत्रु नयाँ शक्ति होइन। राष्टिय जनमोर्चा होइन। हाम्रो शत्रु गरिबी हो। हाम्रो शत्रु पछौटेपन हो। हाम्रो शत्रु बेरोजगारी हो। बेरोजगारी पछौटैपन र गरिबीको अन्त्य गर्नको निम्ति हामी मिलेर अगाडि बढ्नुपर्ने आवश्यक हुन्छ। यी हाम्रा साझा ऐजेन्डा हुन्। साझा ऐजेन्डामा मिलेर पक्ष प्रतिपक्ष नभनिकन मिलेर जान सक्यो भने यो बजेटले वास्तवमा सही गन्तव्य पत्ता लगाएको छ। गरिबी अन्त्य गर्नको निम्ति बेरोजगारी अन्त्य गर्नको निम्ति पछौटेपन अन्त्य गर्नको निम्ति अन्धविश्वास रुढिबादबाट जकडेको समाजलाई अगाडि ल्याउनको निम्ति उत्पादन र रोजगारी बढाएर यो प्रदेशलाई संमृद्ध प्रदेश बनाउनको निम्ति यो चाहि बजेट त्यतातिर लक्षित छ। मलाई लाग्छ लोकप्रिय बजेट छ। लोकप्रिय भनेको नाममात्रै को लोकप्रिय होइन। काम र व्यवहारमा परिणाम देखाउने खालको वास्तवमा परिणाम आउने खालको पहिलो चोटि एउटा क्षेत्रिय सडक निर्वाचन क्षेत्रको  एउटा सडक सुरु गर्ने भन्यो सरकारले। तपाईको सडक निर्वाचन क्षेत्रबाट सुरु गर्नोस् भन्यो अहिले त्यही सडकलाई खारेज गर्न त मिलेन।

सुरु गर्न पर्‍यो। होमस्टे सुरु गर्ने भन्यो क्वालिटीको होमस्टे बनाउन पर्‍यो ।स्कूलका कुरा आए त्यसलाई पनि क्वालिटीका बनाउन पर्‍यो।ती

(माननीय सभामुखः माननीय सदस्य समय सकियो।)

सबै कुराहरुलाई फेरि राम्रो र गुणात्मक बनाउने कुरामा सरकारले निरन्तरता दिएको छ त्यसलाई प्रभावकारी बनाउने भनेको छ त्यसकारण सरकारको नीति कार्यक्रम अनुसार यो बजेट आएको छ बजेट लोककल्याणकारी छ बजेट जनमुखी छ यसलाई व्यवहारमा हामी सबै मिलेर कार्यान्वयन गर्नुपर्छ यसमा म मेरो पार्टीको तर्फबाट यो बजेटलाई पूर्ण समर्थन रहेको जानकारी गराउन चाहन्छु ।

धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्णचन्द्र नेपाली पोख्रेललाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्णचन्द्र नेपाली पोखरेल

सभामुख महोदय, आर्थिक वर्ष २०७६ /०७७ को बजेट जो आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूले असार १ गते जुन प्रस्तुत गर्नुभयो त्यो बजेटका विषयमा हामी आज सम्म छलफल गर्दैछौँ र यो छलफलका क्रममा चाहे लेफ्ट साइडबाट होस् चाहे राइट साइडबाट होस् जे जति यहाँ सुझावहरु आएका छन्। म के भन्छु भने सुझाव दिने माननीयज्यूहरुले निश्चित रुपमा यो बजेटको महत्त्वलाई बुझेर दिनुभएको छ। महत्त्व यस अर्थमा बुझ्नुभएको छ कि आज हामी संघीयतामा गइसकेपछि र दोश्रो यो पूर्ण बजेट जो सरकारले पेश गर्दैछ र विगतका बजेटहरुमा पनि धैरै कुराहरु आएका थिए। धैरै सुझाव हामीले दिएका थियौँ। धैरै कुरा भनेका थियौँ। त्यतिखेर पनि बचावट भएकै थियो तर मलाई खुसी के लाग्यो भने यो विचमा सरकारको स्वयं प्रमुखजीले धैरै कुराहरु विगतका बजेटमा कमजोरी भएकै हुन् भनेर यहाँ बोल्नुभएकै हो। यो यथार्थता हो र धन्यबाद दिनुपर्छ र आज हामी लेफ्ट साइड पनि किन चिन्ता छ भने यदि गण्डकी प्रदेश संवृद्धितिर गयो यदि गण्डकी प्रदेश सरकार सक्षम बन्यो यदि गण्डकी प्रदेश सरकारले आफूले भने

अनुसार भ्रष्टाचारलाई निर्मूल गर्न सक्यो त्यो एउटा गण्डकी प्रदेशको प्रतिनिधिको हैसियतले वा एउटा यहाँको बासीका हैसियतले पनि त्यो हाम्रो लागि पनि गौरवको कुरा हुन्छ। यस अर्थमा हामी पनि त्यसमा चिन्तित छौँ। त यी दुबै कुराहरुले समेटेर जुन आज सम्म छलफल साथीहरुले गर्नुभएको छ त्यसलाई म चाहि धन्यबाद दिन चाहन्छु र म बजेटका विषयमा तपशिलमा जानुभन्दा पहिले बजेटका विषयमा के भन्न चाहन्छु भने अघि भर्खरै मैले सुनेँ राइट साइडकै साथीहरुले सत्ता पक्षकै साथीहरुले के भन्नुभयो यो बजेट महत्त्वकांक्षी छ यो बजेट पपुलिष्ट पनि छ यो बजेट पूर्वाधार बनाउने कुरामा जुन उहाँले जुन कुरा गर्नुभयो। वास्तवमा मैले आज बिहान एउटा मिडियामा पनि यही कुरा गरेँ। यसो भन्दै गर्दा त्यहाँनेर कहाँनेर कुरो हो भने त्यो रुपमा आउनु पर्‍थ्यो कि पर्थेन र अहिले नै त्यो पपुलिष्ट हुन पर्‍थ्यो कि अझ हामी कडा भएर डिभलपतिर जान पर्‍थ्यो त्यो अर्को पाटो छ। त्यो हुँदै गर्दा पनि जुन मेहनत गरेर हाम्रो अर्थमन्त्रीजीले जुन बजेट पेश गर्नुभएको छ त्यो बजेट ३२ अरब १३ करोड ४७ लाख ९२ हजारको जुन बजेट पेश गर्नुभएको छ यो बजेटका सकारात्मक पक्ष मैले पहिल्यै नीति तथा कार्यक्रममा पनि बोलेको थिएँ अघिल्लो बजेटमा पनि बोलेको थिएँ। अहिले त्यसले सम्बोधन के गरेको छ भन्दाखेरि कमसेकम सडकतिर ८ अरब १८ करोड रुपैया विनियोजित गरेको छ। सडक सडकएवल पुल आदिको लागि खानेपानीको लागि २ अरब २० करोड सिचाईको लागि २ अरब ९ करोड यो एउटा पूर्वाधार तयार गर्ने तर्फको सुरुवात हो। यो चिजलाई म सकारात्मक रुपमा लिन्छु। सभामुख महोदय, र एज होल यो बजेटलाई सकारात्मक रुपमा लिदा लिदै पनि यो पूर्ण प्रश्न के आउँछ भनेदेखि बजेट आफैमा नराम्रो कहिल्यै पनि हुँदैन। त्यहाँ बस्ने एक्सपोर्टहरुले त्यहाँ बस्ने विज्ञहरुले सबै चिज मिलाएर बजेट ल्याएकै हुन्छन्। बजेटको कसी के हुन्छ भने त्यो कार्यान्वयन कसरी हुन्छ भन्ने कुरामा आउँछ र अहिलेको पनि अहम सबाल के हो भने हिजोको बजेट नराम्रो थिएन। त्यो पनि राम्रो थियो तर कति कार्यान्वयन गर्न सक्यौँ हामीले यो हामी सबैलाई थाहा छ। हिजो एउटा थियो छुट के भन्दाखेरि केन्द्रबाट कर्मचारी आएन या हाम्रो मेकानिजम रहेन कार्यविधि बनाउन सकिएन धेरै कुराहर थिए होलान् तर अब त्यो छुट पनि छैन। तब शुभकामना चाहि दिन

चाहन्छु कि सरकारले जुन बजेट ल्याएको छ त्यो बजेट व्यवस्थित रुपमा खर्च गर्न सकोस्। यदि व्यवस्थित रुपमा बजेट खर्च हुन सकेन भने त्यो विनियोजनको केही अर्थ रहँदैन। मेरो यति मात्र के भनाइ छ भने सरकारले अहिलेको बजेट व्यवस्थित रुपबाट खर्च गर्ने एउटा ठूलो च्यालेन्ज छ चुनौती छ सरकारलाई। अब यो चुनौती कसरी सामना गर्छ सरकारले त्यो हामीले हेर्नुपर्ने छ। अर्को यो बजेटले के देख्याछ भने यो आन्तरिक राजश्वबाट ३ अरब २७ करोड रुपैया उठाउने भनिएको छ। गत वर्ष १ अरब ६९ करोड लक्षित गरिएको थियो। त्यो १ अरब ६९ करोडमा कति उठ्यो त्यो त हामीलाई थाहा भएन। त्यो पनि यो सम्मानित सभामा आउनुपर्थ्यो बजेटमा। हामी किल्यिएर हुनुपर्थ्यो। हिजोको लक्ष्यमा हामी यति भयौँ भनिदिएको भए अहिले हामी भन्न सक्थ्यौँ। अब अहिले जुन ३ अरबको राजश्व सङ्कलन गर्ने आन्तरिक राजश्वको  जुन छ यो पनि कठिन छ। यी दुईटा कुरामा सरकार यदि सहज रह्यो भने निश्चत रुपमा हामी बजेटलाई मान्छौँ कि यो धरातलीय यथार्थतालाई लिएर आएको बजेट हो भनेर। यत्ति भनिकन म के भन्छु भन्न चाहन्छु भने यो मैले समष्टिगत रुपमा भनेँ र तपाईले हेर्नुहोस् सरकारले ल्याएको जुन बजेट छ त्यसमा आएका बुँदागत जे जति कुराहरु आएका छन् मलाई लाग्छ १५५ कति बुँदामा छ यो धेरै साथीहरुले माननीयज्यूहरुले धेरै कुराहरु राखिसक्नुभएको हुनाले म केही कुराहरु मलाई जो लागेको छ यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु। पहिलो त के भने भन्दाखेरि हाम्रो दफा ४२ मा पूर्वाधार सहितको व्यवस्थित सहर र बस्ती कार्यक्रम सञ्चालन गरिनेछ भन्ने एउटा वाक्यांश छ। बहुत राम्रो नराम्रो त कुनै लाइनलाई भनेकै छैन मैले। जम्मै पढ्याछु राम्रै छ। यो पनि राम्रो तर मेरो भनाइ के हो भने क्लियिर हुनुपर्छ। गत वर्ष हामीले के भन्याथ्यौँ भने ५० हजारलाई रोजगारी दिने १ लाखलाई स्वरोजगारी दिने। स्वरोजगार बनाउने जुन लक्ष्य राख्यो सरकारले लक्ष्य चाहि राख्याथ्यो तर बढी भयो है। यो लक्ष्य मिट गर्न सक्दैन सरकारले भनेर हामीले भन्याथ्यौँ। अहिले त खास त्यति पनि तोकिएको छैन त्यतापट्टि म पछि जान्छु र यो जुन सञ्चालन गरिन्छ भन्ने कुरामा के हुन पर्‍यो भने यो १ वर्षमा कति वटा सहरलाई हामीले यसरी बनाउने? बजेटलाई टुक्राइरहन पर्‍यो। अ गरिनेछ, दिइनेछ, भनिनेछका आधारमा त्यो चाहिले के हुन्छ भने

त्यही हो पपुलिष्ट भनेको काम नहुने बाहिर सुन्दा त राम्रो भयो त्यो नहोस्। मेरो भनाइ यो पनि सरकारले करेक्सन गर्नुपर्छ आफूलाई। अर्को चालू आर्थिक वर्ष अर्थात् विगतको बजेटमा हामी सबैको ध्यान प्रतिपक्ष भए पनि मञ्चमा जानसाथ पहिला आइहाल्ने एउटै नारा थियो। मलाई पनि आयो बेला बेलामा भाषण पनि गरियो अलि घुमाएर सिधै त सत्ताकै भन्लान् भन्ने फेरि। घुमाएर भनेँ त्यो भन्या होमस्टे। बहुत पपुलर होमस्टे तर छातिमा हात राखेर सोचौँ भन्न पर्दैन। त्यो होमस्टेले कति टुरिष्ट बढायो म प्रश्न गर्न चाहन्छु रेकर्ड छ? छैन, केही बढाएन। मेरो अनुभवले किन बढाएन भने कार्यविधि बनाउनुभयो त्यो पनि झन्झटिया पछि खोल्नुभयो धेरैलाई थाहा भयो कि भएन? दिनुभयो १० लाख । एउटा अहिलेको पिरियडमा १० लाख भन्या के हो? त्यो पनि के भन्दाखेरि पुल बनाउ बाटो बनाउ कि सामुदायिक भवन बनाउ कहाँबाट त्यो बढ्छ। हुन त हिजै हामीले भनेका थियौँ भने त्यो नगरौँ। निश्चत स्पोर्ट तोकेर सरकाले १० लाख होइन ५० लाख दिनोस् न। लक्ष्य पूरा गर्नको लागि एउटा निर्वाचन क्षेत्र रोज्नुहोस् या ठाउँ रोज्नुहोस् भेग रोज्नुहोस् त्यतातिर म जान चाहन्नँ। दिइसकेपछि त्यो ग्रुप चाहि त्यसले फक्सन गर्न सकोस् ग्रुप गर्न सकोस् त्यसले ल्याउन सकोस् त्यो हैसियतमा लान पर्थ्यो।अहिले के भयो भने जस्ताको तस्तै। त्यस्तै अर्को हामीले भनेका थियौँ अबन्डा बजेटको विषयमा। अब आयो मोडेल फर्म भनेपछि पहिला त मन्त्रीज्यूले राम्रो कुरा गर्नुभयो। एउटा मोडेल फर्म राम्रो गफ हुँदा भन्नुभएको। हामी आफै पनि के चाहन्थ्यौँ भने एउटा निर्वाचन क्षेत्रमा एउटा यस्तो फर्म बनोस् जसलाई कमसेकम प्रदेश सरकारको हो यो भन्दै गर्दा बाहिरबाट मान्छे गएर हेर्न पनि सकोस्। ए सुरु गऱ्यो सरकारले त्यो हाम्रो के इन्ट्रेस्ट थियो भने मान्छे कसले पाउँछ सबाल के थियो भने प्रदेश सरकार फङ्सन गरिराछ। प्रदेश सरकारलाई हेर भनेर हामी प्रतिपक्षले भन्न पाउनुपर्थ्यो भयो के भन्नुहुन्छ भने मन्त्री जी अब यही हुनुहुन्छ अब उहाँले एकदमै त पारदर्शी विभिन्न दर्शी बनाएको हो भन्नुहुन्छ। नम्वर १ भयो भन्ने कुरा आइराछ तर यथार्थता के हो भन्दाखेरि त्यो रकमले कुनै गुणात्मक परिवर्तन ल्याएकै छैन धेरै कस्तो छ भने हिजो हामीले भनेका थियौँ कनिका छराइ भनेर त्यो भन्न मिल्छ त्यत्तिको शब्द त्यो कनिका छराइमा नै गयो। यो कुरो पनि फेरि रिपिट हुने हो कि अहिले त

झन् होमस्टेको नम्वर पनि तोड्न हिम्मत गर्नुभएन सरकारले किनभने हिजो त ३०० होमस्टे भन्नुभाथ्यो। आज त होमस्टे प्रवर्धन भो तिनैभित्रका प्रवर्धन हुन् कि अरु हुन् त्यो पनि किलियर छैन। अर्को अब म अर्थमन्त्रीजीसँग सरकारसँग सभामुखज्यूको अनुमतिले के प्रश्न गर्न चाहन्छु भने ५ वर्षभित्र खाद्यानमा आत्मनिर्भर हुने गरी कृषिको आधुनिकिकरणलाई निरन्तरता दिनु। यसले के भन्छ भने आत्मनिर्भर बनाउनलाई यति प्रोगामहरु आएका छन् जुन प्रोगामलाई अगाडि बढाइदियो भने आत्मनिर्भर भइहाल्छ भन्ने यसले बताउँछ तर मैले त्यस्तो केही देखिराखेको छैन फिल्डमा। यदि यही व्यवस्था र यही सिस्टमको निरन्तरताले पूरा डबल उत्पादन हुन्छ भने यो चमत्कार म त्यतिखेर सम्झौला। होइन भने यो पनि अलिकति पपुलिष्ट हुने कुरो अलिकति नियादि हो कि भन्ने मलाई लागिरहेछ र अर्को राम्रो यो चाहि पोजेटिभ छ। केही जातजातिहरुको परम्परागत व्यवसायलाई अगाडि बढाउने भनेर एउटा बुँदा राख्नुभएको छ। यद्यपि बजेट थोरै छ। त्यसमा यहाँ चाहि कुमाल दलित समुदाय र अन्य जातिका भन्नुभाछ। मेरो अनुरोध के हो भने कतिपय कुराहरु अहिलेको हामीबाट यो सरकारबाट या अहिलेको सिष्टमबाट पब्लिकले के चाहन्छ भने काम चाहन्छ। काम भएन भने रिकजनाइज चाहिन्छ मान्यता चाहिन्छ। कमसेकम यहाँनेर दलित, कुमाल, दरै, बोटे, माझी, मुसहर भनेर उल्लेख गरेर यिनको पनि परम्परा संरक्षण भन्दिनुभएको भए यो एउटा ग्राजेनसिपको पनि देखिन्थ्यो तर यो भएन। म अझै पनि अनुरोध गर्न चाहन्छु त्यसलाई चाहि मिलाऔँ र अर्को के भने यो त अघि नै मैले भनिसकेँ बडा मिठो छ। अघिल्लो नीति तथा कार्यक्रममा के थियो भने आलीदेखि थालीसम्म, गोठदेखि ओठसम्म यी दुईटा बडा मिठा वाक्यहरु थिए। अहिले यो हटाइयारैछ फेरि यहाँ।(माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो।) अहिले पनि मलाई एउटा के छ भने ५ वर्षभित्र एक नागरिक एक फलफूल जडीबुटी शोभनीय प्रजातिको विरुवा वृक्षारोपण कार्यक्रमको सञ्चालन गरी साझा वातावरण स्वच्छ जीवनको लागि बजेटको व्यवस्थापन गर्ने। अब यो पनि यसले हाऱ्यो। कति, कसरी मेरो घरमा १० जना १० वटा बोट मैले रोप्नको लागि कसरी जान्छ त सरकार? यो सुन्दा राम्रो तर यो श्रवणका लागि बहुत मिठो धेरै चिजहरु भेटिए र अर्को मेरो सुझाव के छ भने ९२ मा

प्रदेशका ३६ वटा सामुदायिक विद्यालयलाई आदर्श विद्यालयको रुपमा रुपान्तरण गर्नको लागि १ करोड ८० लाख रुपैया विनियोजित भएको छ। फेरि अर्को दफामा प्रदेश स्तरका ३६ विद्यालयलाई विशेष विद्यालयको रुपमा बिस्तारित गर्न बजेटको व्यवस्था गर्ने यो भन्या के? पहिला त ३६ वटा विद्यालयलाई १ करोड ८० लाख बाँडेर के चाहि आदर्श विद्यालय हुन्छ यही कुरो बुझैको छैन। आदर्श विद्यालय हुनलाई के के हुनुपर्छ (माननीय सभामुखः समय सिद्धियो।) त्यो गरेर फेरि सर्टेन विद्यालयलाई भन्नुपर्छ। अथवा हो भने आदर्श पनि यो विशेष पनि यो कुरो पनि सच्चिनुपर्छ। यो पब्लिकमा कुरा आइराछ र अब अर्को के भन्दाखेरि म धन्यबाद दिन चाहन्छु अर्थमन्त्रीजीलाई सरकारलाई कि लिगलिगकोट जो एउटा प्रदेशकै एउटा ऐतिहासिक स्थल हो। त्यसलाई एउटा सङ्ग्रहालय बनाउने भन्ने कुरो छ एकदम धन्यबाद दिन चाहन्छु। त्यस्तै यो तमु जातिको ऐतिहासिक सम्पदा कलोसोथार संरक्षण संवर्धन यो अघिल्लो बजेटमा पऱ्याथ्यो त्यसलाई निरन्तरता भन्नुभारै छ। त्यसको लागि पनि धन्यबाद। सँगसँगै मैले अघि भनिसकेँ यो प्रदेशमा तेश्रो हैसियत राख्ने जनजाति मगर जनजाति। उहाँहरुको पनि कुनै सङ्ग्रहालय व्यवस्था त हुनुपर्थ्यो नि। यो प्रदेशमा वान पइन्ट सेभेन मात्रै भए पनि हाम्रो गहना भनौँ न थारु जाति उहाँहरुको पनि एउटा सङ्ग्रहालय खुलाइदिनुपर्थ्यो। त्यतिमात्रै होइन दलित सङ्ग्रहालयको कुरा आउनुपर्थ्यो। यो आइदिदै गर्दा के हुन्छ सबैको

(माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो।)

ग्राजेन्सि हुन्थ्यो म्यासेज जान्थ्यो तर त्यो हुन सकेन। अझै पनि म अनुरोध गर्न चाहन्छु। त्यस्तै युवाहरुतिरको कुरा आयो। हामी प्रत्येक दलका नेताहरु युवा युवा युवा (माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो।) यदि माननीय सभामुख महोदय यदि म गलत छैन भने प्रमुख प्रतिपक्ष दलको नेतालाई समय तोक्न पाइदैन भन्ने मान्यता छ। कार्यव्यवस्थाले त्यो गऱ्याछ भने मलाई त्यो नलगायोस्। होइन म जनरल हो भने त्यो कुरो स्वीकार गर्न चाहन्छु। यो चाहि सभामुख महोदयले बुझ्दिन पऱ्यो। यति हुँदाहुँदै पनि म केही कुराहरु राख्न चाहन्छु। अब छोटकरीमा राखेँ। युवा लक्षित कार्यक्रमको विषयमा खास कुरो आएन। किन आएन भन्दाखेरि यो १७ करोड रुपैया दश हजारको कुरा आएको थियो

भेगको हो कि सबैलाई हो। यो तालिमले कसरी रोजगारी दिन्छ? त्यो तालिम गर्ने हो तपाईले। रोजगारी र तालिम फरक छ। तालिम भैसकेपछि रोजगारी दिनुपर्थ्यो नि। त्यो कुरा पनि यहाँ आएको छैन। यति हुँदाहैदै पनि म मेरो जिल्लातिर जान जाँदा मैले २ मिनेट सभामुखज्यूँसँग अनुरोध गरेँ। त्यो के हो भन्दाखेरि यो यहाँबाट हाम्रो जिल्ला सरकारले हेर्‍याछ तर कसरी हेर्छ भने हामीले कराइदियौँ भने मात्र हेर्ने। हामी भइएन जनप्रतिनिधिले भुलिहाल्छ। जस्तो यो डायलासिसको कुरो आथ्यो छुटिहाल्यो त्यहाँ। अहिले त उहाँहरुले सम्झनुभयो। जवकि नवलपुरलाई एउटा डायलासिस केन्द्र हुन त्यसैपनि जरुरी छ। त्यतिमात्रै होइन म अनुरोध गर्न चाहन्छु। मेरो जिल्लामा अन्तराष्ट्रिय स्तरको इलेफेन्ट पोलो हात्तीको के भन्छ त्यसलाई पोलो मैदान खेल पनि हुँदैछ त्यहाँ  खै त्यतातिर ध्यानै गएन। त्यसले ठूलो आम्दानी ल्याउन सक्छ। कमसेकम ती सब कुराहरु तपाईले राख्दिनुपर्छ भन्ने मेरो चाहि अनुरोध छ र अब धेरै अब रुलिङ्ग भैसकेपछि म नजाऊ एउटा कुरो भनेर मात्रै म जान्छु भनेँ। यहाँ धेरै कुराहरु आएका छन् र मलाई अघिल्लो सदन भन्दा यो सदनलाई विशेष रोचकताकापूर्वक साथीहरु प्रस्तुत हुनुभएको छ। यसमा विनोदप्रिय तरिकाले जाने कि कटाक्ष तरिकाले  जाने  एउटा हामीले पनि मापदण्ड बनाउनुपर्‍यो। संसदीय व्यवस्थामा ठूला ठूला नेताहरुले पनि एक अर्कालाई मिठोसँग आक्षेप लगाएको भनिएका कुराहरु छन्। त्यसलाई हामीले सिकौँ भन्ने मेरो अनुरोध छ तर यहाँ क्यापिटल रिस्फल हुन लागेछ कि भाछ। मुख्यमन्त्रीज्यू यहाँ हुनुहुन्न। अर्थमन्त्रीज्यूतिर म फर्कन्छु। केही साथीहरु धेरै चर्को रुपमा प्रस्तुत हुनुभयो। त्यो मन्त्रीपदका लागि मात्रै गरिन्छ त्यस्तो नेता खुसी पार्नलाई। अब त्यो के हो थाहा छैन। तर के भने मेरो भनाइ के हो भन्नुहुन्छ भने उहाँले जब प्रश्न गरेर एकजना माननीयजीले राख्नुभयो कि हिजोको केन्द्रको कुरो ल्याएर लोकतन्त्र र काँग्रेशलाई लोकतन्त्रबादी होइन या काँग्रेशलाई लोकतन्त्रसँग प्रश्नचिन्ह ल्याउनखोज्नुभएको छ म अनरोध गर्न चाहन्छु। म धेरै भन्न चाहन्नँ। यही सदन हो हामीले अवरोध गर्‍यौँ अन्डरस्टान्डिङ्गमा। यसो गर्‍यौँ पहिला हामी बोल्ने त्यसपछि मुख्मन्त्रीले जवाफ दिने गरेर समाधान गरेको हो कि होइन? त्यही कुरो त्यहाँ हुनुपर्थ्यो कि

पऱ्थेन? मेरो प्रश्न हो। जब कि मुख्यमन्त्री सम्माननीय प्रधानमन्त्रीजी त मैले भन्या होइन यहाँ रेकर्ड छ। उहाँ यसरी बोल्नुहुन्छ कि बाध्य भएर सभामुखज्यूले त्यसलाई रेकर्डबाट आउट गर्नुपऱ्थ्यो त्यो यथार्थता हो नि तर एउटा प्रमुख प्रतिपक्ष दलको नेताले कुरा राखेसी विदेश भ्रमणमा जाँदा उहाँले सदनलाई केही बताउनुभएन त्यो पनि हामीलाई थाहा छ। हामीले कुरा राख्छौँ त्यसपछि सम्माननीय प्रधानमन्त्रीजीले कुरा राख्नुपर्छ भन्दा सभामुखले अघिल्लो दिन ओके गर्ने अनि भोलिपल्ट चाहि प्राइभेसी भनेर नगर्ने। यो परमपरा यहाँ अट्दैन तर बेलामौकामा त्यही ल्याइरहनुहुन्छ भने कहीँ त्यो पनि हुन्छ कि भन्ने। अब आइन्दा सकभर ती कुरा नगरौँ र जहाँसम्म अर्को चराको उदाहरण दिनुभछ माननीयजीले त्यो अब चराको कुरा त के भन्ने हो धेरै नभनौँ। यतिमात्रै म के भनौँ भने यहि कुरो म हिजोको माओवादी केन्द्रबाट आउनुभएका साथीहरुले भन्याभए भए मलाई फिल हुन्थेन। २० औँ वर्ष अभ्यास गराएको हाम्रो पार्टीको एउटा नेताले त्यो भन्दाफेरि अब आइन्दा त्यसलाई पनि अलि मिलाएर भन्नुहुन अनुरोध गर्दै मेरा भनाइहरु यही बन्द गरेँ । धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, यो छलफल आजको लागि यहीँ स्थगित हुन्छ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार ५ गते अपरान्ह ३ : ०० बजे सम्मको लागि स्थगित हुन्छ।**